# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष १ अङ्क २३ २०७३ मङ्सिर २७ गते सोमबार Monday, Dec 12, 2016 पृष्ठ ८ मूल्य रु. १०।-


## प्रधानमन्त्रीको सचिवालयले गलत प्रचार गर्‍यो : वैद्य

**काठमाडौं ।** प्रधानमन्त्री पुष्पकमल दाहाललाई भेटेको विषयलाई लिएर प्रधानमन्त्रीको सचिवालयले गलत प्रचार गरेको नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य'किरण'ले दावी गरेका छन् ।

माओवादी केन्द्र र क्रान्तिकारी माओवादीका कार्यकर्ताहरुबीच कुपण्डोल कार्यालयका विषयमा देखिएको विवादलाई लिएर प्रधानमन्त्री दाहाललाई आफूले भेटेको कुरा साँचो भए पनि पार्टी एकताको विषयमा कुनै कुरा नभएको र दाहालको जन्मदिनको बारेमा पनि आफू अनभिज्ञ रहेको बताएका छन् । आइतबार दिउसो वर्गदृष्टिसँग कुरा गर्दै वैद्यले भने, "कुरै नभएको र भन्दै नभनेको विषयलाई प्रधानमन्त्रीको सचिवालयले गलत प्रचार गर्‍यो र भ्रम छर्न खोज्यो" । उनले भने, "प्रचण्डसँग मेरो पार्टी एकताको विषयमा कुरा पनि भएको छैन र उनलाई मैले जन्मदिनको शुभकामना पनि दिएको छैन । यो सबै नियोजित प्रचार हो । यसको म खण्डन गर्छु"

कुपण्डोल कार्यालयको विषयमा बादलसमेतको उपस्थितिमा कुरा गरेर विवादलाई टुंगो लगाउने कुरा भएको पनि वैद्यले बताए ।

## देजमोले आज अन्तर्क्रिया गर्ने

◆ वर्गदृष्टि संवाददाता/काठमाडौं

देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल नेवा राज्य समन्वय समितिको आयोजनामा ' वर्तमान संविधानमा उठेका विवाद र बहस'



विषयक अन्तर्क्रिया कार्यक्रम गर्ने भएको छ। नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य'किरण'को प्रमुख आतिथ्यतामा गर्न लागिएको अन्तर्क्रियामा विभिन्न राजनीतिक पार्टीका नेताहरु, राजनीतिक विश्लेषक र बुद्धिजीविहरुलाई पनि आमन्त्रण गरिएको जानकारी देजमोका कार्यालय सचिव हरिकृष्ण गजुरेलले बताए । कार्यक्रम दिनको १२ बजे प्रज्ञाभवन, कमलादीको प्रवचन कक्षमा हुने भएको बताइएको छ।

# 'सर्वहारावर्ग र उत्पीडित समुदाय एकताबद्ध हुनुपर्छ'

◆ वर्गदृष्टि संवाददाता

काठमाडौं ।

नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष मोहन वैद्य'किरण'ले उत्पीडित वर्ग (सर्वहारावर्ग) र उत्पीडित समुदाय(आदिवासी-जनजाति, मधेसी, महिला, मुस्लीम, थारुलगायत उत्पीडित क्षेत्रका समुदाय)लाई सामन्तवादी र साम्राज्यवादी तत्वहरुलाई फुटाउन खोजेको भन्दै आफ्नो मुक्तिका निम्ति उत्पीडित वर्ग र समुदाय एकताबद्ध रहनुपर्ने विचार व्यक्त गरेका छन् । अखिल नेपाल जनजाति महासंघको दोस्रो राष्ट्रिय भेलाको शनिबार उद्घाटन गर्दै अध्यक्ष किरणले उक्त कुरा बताएका हुन् ।

वर्गीय, जातीय, लैङ्गिलगायत सबै सबै उत्पीडनबाट नेपाल र नेपाली जनतालाई मुक्ति दिलाउनका निम्ति लामो समयदेखि संघर्ष गर्दै आएको चर्चा गर्दै अध्यक्ष किरणले तर आन्दोलनमा गम्भीर प्रकारको घात भएका कारण आन्दोलनले आमूल परिवर्तनको उपलब्धि हासिल गर्न नसकेको बताए ।



"सर्वहारावर्गको नेतृत्वमा हुने नयाँ जनवादी क्रान्तिमा किसान, मजदुर, महिला, आदिवासी-जनजाति, मधेसी, मुस्लीम, थारु, उत्पीडित क्षेत्रका जनसमुदाय सबै मिलेर एकताबद्ध भएर अगाडि बढ्न जरुरी छ । नेपाली सर्वहारावर्ग र नेपाली उत्पीडित समुदायबीचमा दृढ ऐक्यबद्धता हुन जरुरी छ । यो एकताले मात्रै मुक्ति ... बाँकी २ पेजमा

## निराशावाद र निष्क्रियतावादका विरुद्ध दृढतापूर्वक जुधौं : अध्यक्ष किरण

**काभ्रे ।** देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल काभ्रेको घोषणा कार्यक्रमलाई सम्बोधन गर्दै नेकपा (क्रान्तिकारी माओवादी)ले पार्टीका अगाडि दुईवटा दुश्मन रहेको उल्लेख गर्दै निराशावाद र निष्क्रियतावादका विरुद्ध दृढतापूर्वक लड्ने र अघि बढ्ने हिम्मत गर्नुपर्ने आवश्यकता रहेको बताएका छन् ।

अध्यक्ष किरणले अब क्रान्तिको निम्ति पार्टी मोर्चा र सेनालाई ... बाँकी ७ पेजमा

## आदिवासी जनजाति महासंघको अध्यक्षमा कमल चौधरी निर्वाचित

### उपाध्यक्षमा पवनमान श्रेष्ठ, महासचिवमा नगेन्द्र राई

◆ वर्गदृष्टि संवाददाता/काठमाडौं

काठमाडौंमा आइतबार सम्पन्न अखिल नेपाल आदिवासी जनजाति महासंघको दोस्रो राष्ट्रिय भेलाले अध्यक्षमा कमल चौधरीलाई निर्वाचित गरेको छ । नेकपा (क्रान्तिकारी माओवादी)का अध्यक्ष अध्यक्ष मोहन वैद्य'किरण'ले शनिबार उद्घाटन गरेको महासंघको राष्ट्रिय भेलाको बन्द सत्र आइतबार सम्पन्न भएको छ । सम्पन्न भेलाले महासंघको उपाध्यक्षमा पवन मान श्रेष्ठलाई निर्वाचित गरेको छ भने महासचिवमा नगेन्द्र राईलाई निर्वाचित गरेको छ।

भेलाले सचिवमा केवी फुदोङलाई निर्वाचित गरेको छ भने कोषाध्यक्षमा निल पुनलाई निर्वाचित गरेको छ । सचिवालय सदस्यहरुमा निमा लामा, गोर्की श्रेष्ठ, शुभचन्द्र राई, रामजी चौधरी, भीमश्रीस मगर, खगेन्द्र छन्त्याल, टेकबहादुर मास्की, सोनम याङ्की भेलाबाट निर्वाचित भएका ... बाँकी ७ पेजमा

## राष्ट्रियता, वर्गीयता र संघीयता पहाड–मधेश जोड्ने मुद्दा हुन् : गजुरेल

**महोत्तरी ।** नेकपा (क्रान्तिकारी माओवादी) र देजमो महोत्तरीको संयुक्त आयोजनामा सदरमुकाम जलेश्वरमा आयोजना गरेको 'राष्ट्रियता, जनतन्त्र र जनजीविका र संघीयता' विषयक अन्तर्क्रिया कार्यक्रमलाई सम्बोधन गर्दै नेकपा (क्रान्तिकारी माओवादी)का वरिष्ठ नेता तथा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका अध्यक्ष सिपी गजुरेलले पहाड मधेश सबैलाई राष्ट्रियता, संघीयता र वर्गीयताको मुद्दाले जोड्ने बताएका छन् ।

शनिबार सम्पन्न उक्त कार्यक्रमलाई सम्बोधन गर्दै अतिथी गजुरेलले मधेशवादी पार्टीहरुले समग्र नेपालको बारेमा सोच्न नसकेको बताए । उनले भने, "मधेशवादीहरुले राखेका एजेण्डा पर्याप्त छैनन् । सबै मिलेर छलफल गरेर अघि बढौं र मुलुकलाई निकास दिऔं ।"

उक्त अन्तर्क्रिया कार्यक्रममा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालका केन्द्रीय सचिवालय सदस्य ... बाँकी ७ पेजमा

## वैद्य माओवादीमा क्रान्तिकारी ध्रुवीकरण तीव्र

### बादलसँग एकतामा गएकाहरु धमाधम फर्किन थाले

**काठमाडौं ।** मोहन वैद्य नेतृत्वको नेकपा क्रान्तिकारी माओवादीमा क्रान्तिकारी ध्रुवीकरण बढ्दै गएको छ। विभिन्न माओवादीमा रहेका क्रान्तिकारीहरु क्रान्तिकारी माओवादीमा ध्रुवीकरण हुन थालेको छ।

बादलसँगै माओवादी केन्द्रमा गएका माकेका केन्द्रीय सल्लाहकार हेमन्त पोखरेलसहित सुनसरी जिल्लाका ११ जना पार्टी परित्याग गरी पुनः क्रान्तिकारी माओवादीमै संगठित भएका छन् । माके परित्याग गर्दै क्रान्तिकारी माओवादीमा संगठित उनीहरुलाई क्रान्तिकारी माओवादीका वरिष्ठ नेता सीपी गजुरेलले स्वागत गरेका छन् ।

**सिंगो पार्टी क्रान्तिकारी माओवादीमा समाहित**

झापा, मोरङ र सुनसरीलाई आफ्नो कार्यक्षेत्र बनाएर आफ्नो सांगठनिक गतिविधि गरिरहेको नेकपा माओवादी (क्रान्तिकारी) नेकपा (क्रान्तिकारी ... बाँकी ७ पेजमा

## संविधान संशोधन कि नयाँ संविधान ?

सत्तापक्षद्वारा सदनमा संविधान संशोधन सम्बन्धी विधेयक दर्ता गरेपश्चात सत्ताधारी, प्रमुख प्रतिपक्षी र आन्दोलनकारी दलहरु विचका विवाद निकै चर्किदै आएका छन् । अहिले सडक र सदन निकै तातेका छन् । जनताका जनतान्त्रिक हक अधिकारको प्राप्ति वर्तमान पश्चगामी संविधानको संशोधन गरेर हुन्छ कि त्यसलाई खारेज गरी नयाँ अग्रगामी संविधान बनाएर ? वर्तमान नेपाली राजनीतिमा यी दुईमा कुन विकल्प उत्तम हो भन्ने बारे गंभीर बहस तथा सही छनोटको आवश्यकता छ। यो केवल जनवादको प्रश्न मात्रै होइन राष्ट्रिय स्वाधीनताको प्रश्न पनि हो । नेपालमा जनवाद र राष्ट्रियता एक अर्कोसित अभिन्न रुपमा जोडिएका छन्।



मोहन वैद्य 'किरण'

वर्तमान संविधानमा संशोधनको प्रावधान छ र संसदीय राजनीतिक प्रणालीमा संविधान संशोधनको कुरा उठ्नु, त्यसवारे विवाद हुनु र संशोधन गर्नु कुनै अस्वाभाविक तथा अनौठो कुरा होइन । यो वर्तमान पश्चगामी सत्ता र राजनीतिक व्यवस्थालाई स्वीकार गर्ने राजनीतिक दलहरुका बीचकै विवादको विषय हो। अहिले सत्ता पक्षद्वारा सदनमा जुन संविधान संशोधन विधेयक पेश गरिएको छ त्यसको मूल उद्देश्य मधेशवादी दलहरुलाई राजनीतिक रुपमा समेटी लामो समयदेखि पैदा हुँदै आएका कतिपय विवादका मुद्दाहरुको समाधान खोज्नु हो भन्ने कुरा बताइएको छ।

प्रस्तावित संविधान संशोधन विधेयकमा पेश गरिएका मूल विषय चार ओटा रहेका छन्। ती मातृ भाषा तथा सरकारी कामकाजी भाषा, अङ्गीकृत नागरिकता, राष्ट्रिय सभामा प्रदेशहरुको प्रतिनिधित्व र सीमाङ्कनमा कतिपय हेरफेरमा आधारित छन् । उक्त चार विषयमा तेस्रो विषय त्यति गम्भीर प्रकृतिको देखिँदैन । पहिला दुई विषय केही अमूर्त छन् र ती रुपमा सरल जस्ता देखिए पनि सारमा निकै गम्भीर प्रकृतिका छन्। अहिले बहस र विवादको मुख्य मुद्दा चौथो विषय अर्थात् सीमाङ्कनमा हेरफेर नै बन्न गएको छ।

संविधान संशोधन विधेयक सम्बन्धी मुद्दामा अहिले वहस र विवाद संकेन्द्रित रहेको छ। यस मुद्दामा विभिन्न पक्ष तानिएका छन्। सत्तामा रहेका माके र नेका उक्त विधेयकका प्रस्तोता नै हुन्। त्यसको विरोधमा प्रमुख प्रतिपक्षी एमालेसहितका केही दल सदन र सडक तताउने काममा लागेका छन्। लामो समयदेखि विभिन्न माग पेश गरी सडक तताउँदै आएका केही मधेसवादी दल एकातिर संविधान संशोधनको पक्षमा छन् भने अर्कोतिर आफ्ना मागलाई अझै नसमेटिएको भनेर विरोधका आवाज पनि उठाउने गरेका छन् । त्यति मात्र होइन, संविधान संशोधन सम्वन्धी सबै मुद्दा र विवादमा बाह्य चलखेल पनि अत्यन्तै बढेर गएको छ । भारतीय शासक वर्गले संशोधन विधेयकको खुलेर वा नाङ्गै समर्थन गरेको छ । यो पनि विशेष ध्यान दिनुपर्ने विषय हो । अनि यसै बीचमा यो मुद्दा सर्वोच्च अदालतमा पनि दर्ज हुन पुगेको छ। साथै, सत्ताधारी दलहरु स्थानीय चुनावको जाल हानेर सवैलाई सहमतिमा ल्याउने धन्दामा पनि लागेका देखिन्छन् । यसरी समग्र स्थिति हेर्दा के लाग्छ भने यी मुद्दा र विवाद हल गर्ने चावी संसदीय सत्ता र व्यवस्था पक्षधर दलहरु होइन बाह्य शक्तिको गोजीमा रहेको प्रष्टै देखिन्छ।

अब प्रश्न उठ्छ- उक्त विधेयक, त्यससित सम्वन्धित मूल मुद्दा र विवादको सारतत्व के हो त ? स्पष्ट छ, यी सवै विषयमा देश र जनतासित जोडिएका सकारात्मक पाटा वा राम्रा पक्ष अत्यन्तै कम र नकारात्मक पाटा वा नराम्रा पक्ष निकै बढी छन्। यी विषयमा देशको राष्ट्रिय स्वाधीनता र जनताको जनतन्त्रका गम्भीर महत्वका कुरालाई किनारा लगाएर वा ती प्रश्नमा गम्भीर आघात पुऱ्याएर वर्तमान सत्ता तथा व्यवस्थालाई मान्हेरुका बीचको अन्तरविरोधलाई हल गर्ने र वाह्य शाक्तिलाई चलखेल गर्नका लागि अझै फराकिलो ठाउँ दिने ... बाँकी ७ पेजमा

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

## सम्पादकीय

# पहिचान र अग्राधिकारविनाको संघीयता

संघीयताको गुदी कुरा भनेको जातीय पहिचान र अग्राधिकारको ग्यारेण्टी हो र हुनुपर्दछ। तर संसदवादी पार्टीहरुले यी दुवै कुरालाई स्वीकार गरेका छैनन्। केवल नाम मात्रको संघीयता (अधिकारविहीन)को हल्ला चलाइरहेका छन्। संसदवादी पार्टीहरुले प्रस्ताव गरेको सात प्रदेशको संघीयता विवादित बनेको छ र नामांकन र सिमांकनले मुलुकलाई द्वन्द्वतर्फ धकेलेको छ।

'संघीयता' को एजेण्डा दशवर्षे जनयुद्धको क्रममा स्थापित भएको हो। जनयुद्धको जगमा भएको जनआन्दोलन र मधेश आन्दोलनले संघीयतालाई अझ बढी निर्णायक बनाउन भूमिका खेल्यो। तत्कालीन नेकपा (माओवादी)ले संघीयतालाई विद्यमान जातीय समस्या समाधानका लागि एजेण्डाको रुपमा अगाडि ल्याएको थियो। तर यो एजेण्डालाई माओवादी (कम्युनिष्ट)बाट खासेर सामन्तवादी र साम्राज्यवादी, विस्तारवादीहरुले प्रयोग गर्न पुगे र यही एजेण्डाको गलत व्याख्या गरेर माओवादी आन्दोलनका विरुद्ध नै प्रयोग गरे। अहिले संघीयताको व्याख्या तिनै छद्ध खसब्रम्हाणवादी, सामन्तवादी, विस्तारवादी(साम्राज्यवादी)हरुले आफ्नो स्वार्थनुकूल गरिरहेका छन्। वास्तविक संघीयताको पक्षमा उनीहरु उभिएका छैनन्, चाहँदैनन्।

पहिलो संविधानसभाले संघीयतासम्बन्धी गरेको 'वर्कआउट' वास्तविक संघीयता नजिक थियो। पहिचान र सामर्थ्यका आधारमा संघीय प्रदेश बनाउनुपर्ने प्रस्ताव गरिएको थियो। तर साम्राज्यवादी दलाल र जनविरोधी तत्वहरुले संविधानसभा नै विघटन गराउन पुगे। फलतः अहिले पहिचान र सामर्थ्यविनाको संसदवादी दलहरुको चुनाव जित्ने रणनीतिको दाउपेचको आधारमा कथित संघीयताको अभ्यास गर्न खोजिएको छ, जुन वास्तविक संघीयताको बर्खिलाप छ।

जातीय राज्य भनेको जात विशेषको राज्यको रुपमा अत्यधिक व्याख्या गरियो। जबकि कम्युनिष्ट(माओवादी)हरुले यसलाई 'नेशन स्टेट'को रुपमा अवधारणा अगाडि ल्याएका थिए। यो अवधारणालाई उत्पीडित जातिहरुले पनि ठिक ढंगले ग्रहण गर्न नसकेको र कम्युनिष्ट(माओवादी)हरुले पनि सही ढंगले बुझाउन र स्थापित गर्न सकेनन्। परिणामतः देशी विदेशी प्रतिक्रियावादीहरुले यसको गलत व्याख्या गरेर आम उत्पीडित वर्ग समुदायलाई नै दिग्भ्रमित पारिदियो। र, जातीय संघीयताको मुद्दालाई 'साम्प्रदायिक' बनाउन खोजियो। र, यी भ्रम अझै पनि बाँकी छन्। जसलाई वास्तविक संघीयता पक्षधरहरुले चिर्न र जनतालाई भ्रममुक्त पार्न जरुरी छ।

'साझा भाषा, साझा संस्कृति, साझा भूगोल (आर्थिक जीवन) र साझा ऐतिहासिक मनोविज्ञान' भएको समुदायलाई कम्युनिष्टहरुले जाति मान्दछन्। जाति भनेको यस अर्थमा नेशन (लबतष्यल) हो। यसरी बनेको जातिहरुलाई आत्मनिर्णयको अधिकार दिइनुपर्दछ। यो नै संघीयताको मूल मर्म हो। यही मर्मलाई बोध गरेर नै तत्कालीन नेकपा (माओवादी)ले 'लिम्बुवान, किरात, कोचिला, मिथिला, भोजपुरा, अवध, ताम्सालीङ, नेवा, तमुवान, मगरात, थारुवान, सेम, भेक' राज्यको अवधारणा अनुसार पार्टी संरचना बनाएर अभ्यास गरेको थियो। अहिले पनि यही अवधारणा अनुसार पार्टी संरचनाको अभ्यास गर्ने पार्टी नेपाल कम्युनिष्ट पार्टी (क्रान्तिकारी माओवादी) मात्र छ। माओवादी केन्द्र, विप्लव माओवादीलगायतले यी संरचनागत अभ्यास छोडिसकेको छ। यसर्थमा, क्रान्तिकारी माओवादी मात्र संघीयताको वास्तविक पक्षधर रहेको देखिन्छ।

सम्बन्धित राज्यको प्राकृतिक स्रोतसाधनमाथि त्यहाँका वर्गसमुदायको अग्राधिकार संघीयताले प्रदान गर्ने प्रमुख अधिकार हो। तर अहिले बनाइएका प्रदेशका जनताको अधिकारमा त्यहाँका जनताको अग्राधिकार कायम गरिएको छैन। नामांकन, सिमांकन, प्राकृतिक स्रोतसाधनको उपयोग, प्रयोगमा जनताको निर्णय अधिकार नै नदिएको संघीयताको कुनै अर्थ छैन।

माथिल्लो कर्णाली, अरुण तेस्रोलगायत नेपालको जलसम्पदामाथि भारतीय एकाधिकार स्थापित गराउने गरी नेपालको सरकारले सम्झौता गरिरहेको छ। राज्यहरुको मात्र नभएर रणनीतिक रुपमा मुलुककै सार्वभौमिकतामाथि असर पर्ने सम्झौताहरु भइराखेका छन्। तर यसबारेमा संघीयताको वकालत गर्नेहरु मुकदर्शक बनिरहेका छन्। राज्य(प्रदेश)हरुलाई आर्थिक रुपले आत्मनिर्भर बनाउन चाहिने उपलब्ध प्राकृतिक स्रोतसाधनमाथिको अधिकार भारतीय विस्तारवादलाई जिम्मा लगाएर बनाउन खोजिएको संघीयताको के अर्थ रहन्छ र ?

वास्तविक संघीयताका पक्षधर शक्तिहरुले त भारतीय विस्तारवादसँग गरिएका सबै असमान सन्धि सम्झौताहरुको खारेजीको माग पर्दछ। र, सिंगो देशलाई स्वाधीन बनाएर मात्र वास्तविक अर्थमा सामर्थ्य र पहिचानको आधारमा आत्मनिर्णयको अधिकारसहितको संघीयताको स्थापित गर्न सकिन्छ। यसलाई नै जातीय मुक्ति आन्दोलनको प्रस्थानविन्दु बनाइनु पर्दछ।

## क्रान्तिकारी माओवादीद्वारा श्रद्धाञ्जली व्यक्त

**काठमाडौं।** नेकपा (क्रान्तिकारी माओवादी)ले केन्द्रीय सचिवालय सदस्य तथा नेवा राज्य इन्चार्ज दिनेश शर्मा 'सागर'का बुवा काभ्रे जिल्लाको माझीखेदा निवासी नरहरि चौलागाईको ८४ वर्षको उमेरमा आकस्मिक रुपमा २२ गते राती भएको निधनले दुखित् तुल्याएको भन्दै मृतक चौलागाईप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गरेको छ।

क्रान्तिकारी माओवादीका अध्यक्ष मोहन वैद्य'किरण'ले बिहिबार जारी गरेको शोक वक्तव्यमा भनिएको छ, "पार्टी समर्थक तथा शुभचिन्तक रहिआउनु भएका नरहरिले नेपाली कम्युनिस्ट आन्दोलनसहित माओवादी जनयुद्धमा पनि राम्रो सहयोग पुऱ्याउनु भएको थियो। वहाँको निधनले हामी दुःखित भएका छौं। हाम्रो पार्टीका शुभेच्छुक नरहरिप्रति हामी भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै, वहाँको यस दुःखद् निधनबाट शोकाकूल बनेका वहाँका परिवारजनप्रति पनि हामी हार्दिक समवेदना व्यक्त गर्दछौं।"

# दिल्लीद्वारा नियुक्त अर्दलीहरूको कलाहीन नाटक



हस्तबहादुर के.सी.

*यही अर्दलीहरूको यस प्रकारको कलाहिन नौटंकी नेपाली जनताले समयमै थाह नपाउँदा कोसी, गण्डकी, महाकाली, कर्णालीजस्ता नदीहरू गुमाउनु पऱ्यो। अझै पनि यी अर्दलीहरूको नौटंकी नाटकलाई हामी नेपाली जनताले राम्ररी नबुझ्ने हो भने नेपाल फिंजी बन्ने सम्भावना बलियो छ, किनकि भारतीय अर्दलीहरूले अंगिकृत नागरिक पनि मुलुकको कार्यकारी प्रमुख बन्ने अर्थात् महेन्द्र चौधरीहरू बन्न सक्ने गरी संविधान संशोधन गर्ने खुलेआम घोषणा गरिसकेका छन्।*

यतिबेला नेपालमा दिल्ली दरबारद्वारा नियुक्त अर्दलीहरूले संविधान संशोधनका निहुँमा कलाहिन नाटक प्रदर्शन गरिरहेका छन्। यी दिल्ली दरबारद्वारा नाटक प्रदर्शन गरेर एकातिर नेपाली जनतालाई उल्लु सावित गर्ने र अर्कोतिर दुनियाँलाई हँसाउने कोशिस गरिरहेका छन्।

दिल्ली दरबारद्वारा नियुक्त अर्दलीहरूले नेपालमा माजक गरिरहेका छन् र आफूहरू नेपालका शासक भएका र नयाँ संविधानमार्फत् मुलुकको समृद्धि गर्ने, संघीयताका नाममा मुलुकलाई सात प्रदेशमा विभाजन गरेर नेपाली जनतालाई देशमा मालिक बनाउने, विभिन्न प्रदेशहरूका मालिक बनाउने, विभिन्न प्रदेशहरूका मालिक बनाउने कुप्रचार गरिरहेका छन्। यी सबकुरा वाहियात हुन्। झुट र ढाँट कुरा बाहेक यहाँ अन्य केही कुरा पनि छैनन्।

वर्तमान पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकार दिल्ली दरबारद्वारा नियुक्त अर्दलीको सरकार हो। त्यसैले दाहाल सरकारलाई भारतीय विस्तारवादीको कठ्पुतली सरकार हो। यो नौ महिने दिल्ली दरबारबाट चल्ने अस्थायी सरकार हो। आफै त दिल्ली दरबारबाट चल्ने म्यादी सरकार हो, दिल्ली दरबारद्वारा नियुक्त अर्दली सरकारको आफ्नै त स्थायित्व छैन भने कसरी



***दाहाल सरकार दिल्ली दरबारद्वारा नियुक्त भएर अर्दली सरकारको रूपमा नौ महिनाका लागि नेपालमा शासन गर्न खटिएको यो पहिलो घटना होइन। कुनै नयाँ र नौलो परिघटना पनि बिल्कुलै होइन। यो त २००७ सालको परिवर्तनपश्चात मातृकाप्रसाद कोइरालाको दिल्ली दरबारद्वारा नियुक्त म्यादी सरकारबाट शुरु भएर आजसम्म आइपुगेको हो।***

नेपाली जनतालाई मुलुकको मालिक बनाउँछ ? यो अर्दली सरकारले कसरी नेपाली जनतालाई विभिन्न प्रदेशहरूको मालिक बनाउन सक्छ ? यो भन्दा बढ्ता अरु के हुन सक्छ वाहियात कुरा, बेकारको फाल्तु कुरा ! यो त संविधान संशोधनका निहुँमा, प्रदेशहरूको सिमाङ्कन निर्धारण गर्ने निहुँमा जनतलाई भड्काएर, जनतालाई विभाजन गरेर मुलुकको राजनीतिलाई अर्कैतिर पन्छाएर दिन गुजारा गर्ने, सत्ताको आयु लम्ब्याउने र मुलुकमा कुशासन चलाउने बहानाबाजी सिवाय अरु कुनै योजना छैन, भारतीय विस्तारवादका अर्दलीहरूको।

अर्दली भनेको अदालतको म्याद टाँस गर्ने व्यक्ति भन्ने बुझिन्छ। हो, त्यसरी नै आजका नेपालका प्रधानमन्त्री पुष्पकमल दाहाल नेपालको नौ महिने सरकारको म्याद टाँस गर्ने भारतीय विस्तारवादका अर्दली हुन्। तीन महिना त गुजारा भइसक्यो, अब ६ महिना मात्रै बाँकी छ, त्यसपछि नेपाली कांग्रेसका शेरबहादुर देउवालाई अर्को नयाँ अर्दली नियुक्त गर्ने, भारतीय विस्तारवादले तीन महिना पहिले नै ढ्वाङ फुकिसकेको छ। बाँकी ६ महिना अवधि रहेको दाहाल अर्दली सरकारले कुन बेला संविधान संशोधन गर्ने हो ? कुन बेला प्रदेशहरूको सिमाङ्कन निर्धारण गर्ने हो ? र कुन बेला नेपाली जनता र राष्ट्रको समृद्धि गर्ने हो ? यो बाँकी ६ महिने म्यादी सरकारले कुन बेला नेपाललाई

दाहाल सरकार दिल्ली दरबारद्वारा नियुक्त भएर अर्दली सरकारको रूपमा नौ महिनाका लागि नेपालमा शासन गर्न खटिएको यो पहिलो घटना होइन। कुनै नयाँ र नौलो परिघटना पनि बिल्कुलै होइन। यो त २००७ सालको परिवर्तनपश्चात मातृकाप्रसाद कोइरालाको दिल्ली दरबारद्वारा नियुक्त म्यादी सरकारबाट शुरु भएर आजसम्म आइपुगेको हो। दाहाल नेतृत्वको वर्तमान भारतीय अर्दली सरकार दिल्ली दरबारद्वारा नियुक्त नेपालको आजसम्मको राजनीतिक इतिहासको पछिल्लो कडी मात्रै हो। विगतका कांग्रेस, एमालेलगायतका सबै सरकारहरू दिल्ली दरबारद्वारा नियुक्त अर्दली सरकार नै थिए। म्यादी सरकार नै थिए।

यी अर्दली सरकारहरूको मुख्य दायित्व के हुँदै आएको छ भने भारतीय शासकहरूको चाकरी र दलाली तथा गुलामी गरेर सत्ताको आयु लम्ब्याउने र भारतीय शासकहरूले सत्ता लम्ब्याइदिए बापत, मालिकले सत्तामा पुऱ्याइदिए वापत नेपालका नदी नालाहरूलाई बिनाकौडी भारतलाई सित्तैमा बेच्ने रहँदै आएको छ।

कांग्रेस-एमालेका अर्दली सरकारहरूले सत्ताको आयु लम्ब्याइदिएको, सत्तामा पुऱ्याइदिएका कारण हामीले कोसी, गण्डकी, महाकाली, अपरकर्णालीजस्ता महत्वपूर्ण नदीहरू गुमायौं। अहिले सत्तामा पुग्न सहयोग गरेको र नौ महिने कठ्पुतली सरकार टिकाईदिने स्वीजरल्याण्ड र सिंगापुरको स्तरमा पुऱ्याउने हो ?

तसर्थ दिल्ली दरबारद्वारा नियुक्त यी सिल्लीहरूले मञ्चन गरिरहेको नेपाली जनताले भूलभूलैयालाई पत्याउनु हुँदैन। कुनै विश्वास गर्न बिल्कुलै हुँदैन। यो त दिल्ली दरबारद्वारा नियुक्त सिल्लीहरू, जाली झेलीहरू र ढाँट अर्दलीहरूको एकातिर नेपाली जनतालाई उल्लु बनाइ राख्ने र अर्कोतिर नेपालका पहाड, हिमालतिरबाट तराईका समथर भूभागहरूमा सल्लल बगिरहेका नदी नालाहरू एकलोटा पानी पनि उभाएर पिउन नपाउने गरी आफ्ना भारतीय मालिकहरूलाई सित्तैमा बेच्ने षड्यन्त्रमूलक नाटकसिवाय अर्को कुनै कुरा होइन। यही अर्दलीहरूको यस प्रकारको कलाहिन नौटंकी नेपाली जनताले समयमै थाह नपाउँदा कोसी, गण्डकी, महाकाली, कर्णालीजस्ता नदीहरू गुमाउनु पऱ्यो। अझै पनि यी अर्दलीहरूको नौटंकी नाटकलाई हामी नेपाली जनताले राम्ररी नबुझ्ने हो भने नेपाल फिंजी बन्ने सम्भावना बलियो छ, किनकि भारतीय अर्दलीहरूले अंगिकृत नागरिक पनि मुलुकको कार्यकारी प्रमुख बन्ने अर्थात् महेन्द्र चौधरीहरू बन्न सक्ने गरी संविधान संशोधन गर्ने खुलेआम घोषणा गरिसकेका छन्। किनकि, नेपालमा पनि महेन्द्र चौधरीहरूको उदय भइसकेको छ।

आश्वासनमा माओवादी केन्द्रका अध्यक्ष समेत रहेका प्रधानमन्त्री पुष्पकमल दाहालले २०७३ असोज ३१ गते भारत भ्रमणका क्रममा आफ्ना महाप्रभु भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसित २५ बुँदे राष्ट्रघाती सहमति पत्रमा हस्ताक्षर गरेर ठूलो राष्ट्रघात गरेका छन्। म्याद डेट स्क्वाएर भइसकेका, कार्यान्वयनमा आउन नसक्ने भइरहेका पञ्चेश्वर, महाकालीजस्ता राष्ट्रघाती सन्धिसम्झौताहरू पुनः फुत्काउने अपर कर्णालीलाई कार्यान्वयन गर्ने र भारत सरकारसँग विगतमा नेपालका राष्ट्रघाती सरकारहरूले गरेका विद्युत तथा व्यापार सम्बन्धी सम्झौताहरू ९एम्बरएत्७० जस्ता सम्झौताहरू कार्यान्वयन गर्ने सम्झौतामा हस्ताक्षर गरेर आएका छन् र दाहालले सत्ताको आयु लम्ब्याउने उद्देश्यले नेपालको सुरक्षा मामिला अन्तर्राष्ट्रिय कानुनअनुसार भारतीय छातामुनी रहनुपर्ने सम्झौतामा हस्ताक्षर गरेर विगतका कांग्रेस, एमालेका राष्ट्रघाती अर्दली सरकारहरूले गर्न नसकेको, नेपालको सुरक्षा भारतीय विस्तारवादी शासकहरूको अधिनस्थ रहने स्वतन्त्र अस्तित्वलाई भारतलाई बुझाएर आएका छन्। दाहालले विगतदेखि अवलम्बन गर्दै आएको पञ्चशीलको सहअस्तित्वको सिद्धान्तलाई सोझै निस्तेज गरेर आएका छन्। यो नै सबैभन्दा खतरनाक र राष्ट्रघाती सम्झौता हो।

यी सबै खेल दाहालले आफ्नो नौ महिने अर्दली सरकार टिकाउनका लागि मात्र गरेका हुन्। हाम्रो देश नेपाल आजसम्म पनि अर्धसामन्ती र नवऔपनिवेशिक अवस्थामा गुज्रिरहेको छ। यसलाई महान नेपाली नयाँ जनवादी क्रान्तिले मात्र तोड्ने छ। नेपाली नयाँ जनवादी क्रान्तिको यात्रा जारी छ। अहिले नै नेपाली जनताले के कुरा गर्नु पर्नेछ भने दिल्ली दरबारद्वारा नियुक्त गरिरहेका अर्दलीहरूले संविधान संशोधनका निहुँमा, प्रदेशहरूको सिमाङ्कन निर्धारण गर्ने निहुँमा जुन प्रकारको कलाहिन नाटक प्रदर्शन गरिरहेका छन्, यसका राष्ट्रघाती पात्रहरूलाई बेलैमा चिनी राख्न र तिनको भण्डाफोर गर्न, नेपाली जनताका बीचबाट अन्तर्राष्ट्रियस्तरसम्म नै पुऱ्याएर नाङ्गेझार पार्न अब चुक्न चाहिँ हुँदैन। अब नेपाली जनता नयाँ चेतका साथ एकगठ भएर उठ्न अति जरुरी भइसकेको छ। यी राष्ट्रघाती, देश बेचुवा तत्वहरूलाई परास्त नगरी नेपालको राष्ट्रिय स्वाधीनता अक्षुण राख्न सम्भव छैन।

## कागेश्वरी मनोहरा नगर कमिटी गठन

**काठमाडौं।** नेकपा (क्रान्तिकारी माओवादी)को पूर्वी काठमाडौं जिल्लाअर्न्तगत कागेश्वरी मनोहरा नगर संगठन समिति गठन गरिएको छ। पूर्वी काठमाडौं जिल्ला संगठन समिति संयोजक हरिकृष्ण गजुरेलको उपस्थितिमा भएको कागेश्वरी मनोहरा नगर भेलाले राजकुमार थापाको संयोजकत्वमा ९ सदस्यीय नगर कमिटि गठन गरेको छ।

कमिटीका सहसंयोजकहरुमा नारायण पण्डित, रेवती पुडासैनी र पार्वती गुरुङ चयन भएका छन् भने समितिका सदस्यहरुमा कुमारी गुरुङ, लक्ष्मीदेवी सोराली, अनिता पुरी लगायत रहेका छन्।

## राज्य सञ्चालनमा ...

प्रदान गर्न सक्छ।" अध्यक्ष किरणले भने, "सामन्तवाद र साम्राज्यवादका विरुद्ध लडेर मात्र हामीले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्या समाधान गर्न सक्छौं।"

महासंघका संयोजक कमल चौधरीले अध्यक्षता गरेको सो भेलामा वामपन्थी विश्लेषक तथा बुद्धिजीवी प्रा.माणिकलाल श्रेष्ठ, क्रान्तिकारी माओवादीका सल्लाहकार समितिका संयोजक डा.ओम गुरुङ, मरामुमोका महासचिव शिवराम यादव विभिन्न जबस मोर्चाका नेताहरुले शुभकामना मन्तव्य राखेका थिए। महासंघका नेता नगेन्द्र राईले सञ्चालन गरेको उक्त कार्यक्रममा सामना साँस्कृतिक परिवारका कलाकार हरुले क्रान्तिकारी गीतहरु प्रस्तुत गरेका थिए।

# अग्राधिकार र पहिचानविनाको संघीयताको के काम ?

अखिल नेपाल जनजाति महासंघको दोस्रो राष्ट्रिय भेला ठूलो संघर्षका बीचबाट सम्पन्न हुँदैछ । सामन्तववाद, ब्रम्हाणवाद, साम्राज्यवाद, विस्तारवादका विरुद्ध दृढतापूर्वक संघर्ष गर्दै आएका छौं । पछिल्लो अवधिमा हाम्रो पार्टीलाई विभाजित गर्ने, मोर्चालाई विभाजित गर्ने अवसरवादी र संशोधनवादी प्रवृत्तिका विरुद्ध पनि हामीले दृढतापूर्वक संघर्ष गर्दै आएका छौं । यो संघर्षको प्रकृयामा आ-आफ्नो ठाउँबाट महत्वपूर्ण भूमिका निर्वाह गर्ने सबै पार्टीपंक्ति धन्यवादका पात्र हुनुहुन्छ ।

आदिवासी जनजाति महासंघको दोस्रो राष्ट्रिय भेला सम्पन्न हुँदैछ । यस भेलाले आफ्नो नीति, कार्यक्रम र कार्यदिशालाई वैचारिक, राजनीतिक र सांगठानिक रुपमा समृद्ध, सशक्त बनाओस् र गतिशिल र कुशल नेतृत्वको छनौंट गर्न पनि सफल बनोस्, पार्टीको तर्फबाट हार्दिक शुभकाना व्यक्त गर्दछु ।

**कमरेडहरु,**

अहिले संविधान संशोधनको चर्चा चलिरहेको छ । हामीले नयाँ संविधान बनाउनका निम्ति वर्गीय, जातीय, लैङ्गिलगायत सबै सबै उत्पीडनबाट नेपाल र नेपाली जनतालाई मुक्ति दिलाउनका निम्ति लामो समयदेखि संघर्ष गर्दै आइरहेका छौं । पछिल्लो कालखण्डमा ठूल्ठूला ऐतिहासिक जनसंघर्ष, जनआन्दोलनहरु हामीले गऱ्यौं, र दशवर्षसम्म महान जनयुद्धको प्रक्रियालाई अगाडि बढायौं । यो प्रक्रियामा थुप्रै योद्धा, जनताका छोराछोरीहरुको सहादत भयो, कैयौं वेपत्ता पारिए, कैयौं योद्धाहरु घाइते अपाङ्ग अवस्थामा हुनुहुन्छ । उनीहरुको रगतमा टेकेर, उनीहरुको त्याग, बलिदान, वीरताका कीर्तिमानहरुमा खडा भएर हामीले आन्दोलनलाई अगाडि बढायौं । तर आन्दोलनमा गम्भीर प्रकारको घात भयो । विश्वासघात भयो । फलतः आन्दोलनले आमूल परिवर्तनको उपलब्धि हासिल गर्न सकेन ।



मोहन वैद्य'किरण'

नेपालमा सर्वहारावर्गको नेतृत्वमा, मजदुर-किसानको एकताका आधारमा सबै समस्याको समाधान गर्न खासगरिकन आदिवासी-जनजातिहरुको सन्दर्भमा भन्नुपर्दा पुँजीवादी जनवादी क्रान्तिको प्रक्रियामा सबै वर्ग र समुदायको मुक्ति हुनुपर्छ भनेका थियौं, अहिले पनि भनिरहेका छौं । त्यसका निम्ति नेपालमा उत्पीडित जातिहरुको आत्मनिर्णयको अधिकारलाई सिद्धान्ततः स्वीकार गर्नुपर्दछ र जातीय/क्षेत्रीय स्वायत्त शासनको स्थापना हुनुपर्दछ- सबै उत्पीडित आदिवासी-जनजाति, उत्पीडित मधेसी समुदाय र उत्पीडित क्षेत्रका जनमुदाय सबैको मुक्तिको निम्ति । जातीय आत्मनिर्णयको अधिकारलाई नस्वीकार्ने कम्युनिष्ट हुन सक्दैन । यस मतमा हाम्रो पार्टी दृढ छ ।

हामीले पहिलो संविधानसभाको चुनावमा भाग लियौं । सामर्थ्य र पहिचानको आधारमा संघीयताको समस्या समाधान गर्नुपर्छ भनेर भन्दै आयौं । तर यो कुरालाई स्वीकार गरिएन । नयाँ जनवादी क्रान्तिका विरुद्धमा पार्टीमा दक्षिणपन्थी अवसरवादी धारा देखापऱ्यो । त्यसले नयाँ जनवादलाई छोडेर (जनताको गणतन्त्र) छोडेर लोकतान्त्रिक गणतन्त्रलाई स्वीकार गर्न पुग्यो । लोकतान्त्रिक गणतन्त्र वास्तवमा पुरानो गणतन्त्रको नारा हो, नयाँ गणतन्त्रको नारा होइन । गम्भीर विश्वासघात त्यहीनेर भयो । जातिहरुको मुक्तिको कुरा गर्दा यहाँका ब्रम्हाणवादीहरुले, यहाँको खसवादीहरुले, यहाँका सामन्तवादीहरुले फेरि भुरेटाकुरे राज्यहरु बनाउन थालियो भनेर धेरै लेखिरहेका छन् । उनीहरु प्रजातन्त्र (गणतन्त्र)को हल्ला खुब गर्छन् । खासगरेर कांग्रेसका नेताहरुलाई के थाहा रहेनछ भने पुँजीवादी जनवादी क्रान्ति गर्ने प्रक्रियामा उत्पीडित जातिहरुको मुक्ति हुनु अनिवार्य छ । पश्चिमी युरोपका कुराहरु त उनीहरुले खूब गर्छन्, फ्रान्स, जर्मनीलगायतका कुराहरु उनीहरुले गर्छन् तर त्यहाँ के गरेका थिए भनेर चाहिं उनीहरु भन्दैनन् । त्यहाँ जातीय राज्य (ल्बतष्यल क्तबतभ), जातीय मुक्ति, जातीय आत्मनिर्णयका कुरा थिए, ती कुरा उनीहरु बिर्सन्छन् । उनीहरु खाक्रो लोकतन्त्रको कुरा गर्छन् ।

साँचो अर्थमा नेपालका जातिहरुलाई मुक्ति दिलाउनका निम्ति संघीयता चाहिन्छ । तर यहाँका ब्रम्हाणवादी र सामन्तवादीहरुलाई जातीय मुक्तिको प्रश्नलाई ठीक ढंगले बुझ्न सकेनन् । र, त्यसले उल्टो रुप लिन पुग्यो । फलतः अहिले यही मुद्दामा सामन्तवाद, साम्राज्यवाद र विस्तारवाद पनि एकैठाउँ आइपुगेको छ । उनीहरुको एउटै जोड के देखिन्छ भने कम्युनिष्टहरुलाई सबै मुक्ति(जातीयलगायत) आन्दोलनबाट अलग गराउने । कम्युनिष्टहरुको नामै सुन्न नचाहने विस्तारवादी र साम्राज्यवादी प्रवृत्तिहरु देखापरे । हामीले यी सबै प्रवृत्तिका विरुद्ध दृढतापूर्वक संघर्ष गर्दै सही अर्थमा जातीय मुक्ति हुनुपर्दछ भन्ने वकालत गर्दै आएका छौं ।

सर्वहारावर्गको नेतृत्वमा हुने नयाँ जनवादी क्रान्तिमा किसान, मजदुर, महिला, आदिवासी-जनजाति, मधेसी, मुस्लीम, थारु, उत्पीडित क्षेत्रका जनसमुदाय सबै मिलेर एकताबद्ध भएर अगाडि बढ्न जरुरी छ । नेपाली सर्वहारावर्ग र नेपाली उत्पीडित समुदायबीचमा दृढ ऐक्यबद्धता हुन जरुरी छ । यो एकताले मात्रै मुक्ति प्रदान गर्न सक्छ । यसको अर्थ, सामन्तवाद र साम्राज्यवादका विरुद्ध लडेर मात्र हामीले राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्या समाधान गर्न सक्छौं ।

एक थान संविधान त बन्यो तर जनताको संविधान बन्न सकेन । बाहिरी रुपमा हेर्दा गणतन्त्र, धर्मनिरपेक्षता, संघीयता, समानुपातिक प्रतिनिधित्व, समावेशीलगायतका कुराहरु राखिएका छन् । तर यी कुराहरु सकारात्मक भएपनि त्यत्तिले जनताको मुक्ति सम्भव छैन । मूल कुरा के हो भने राज्यसत्ता जनताको हातमा आउन सकेन । यत्रो संघर्ष गरे पनि राज्यसत्ता पुरानै वर्गको हातमा पुग्यो । दलाल पुँजीपति, नोकरशाही पुँजीति, सामन्तवर्गको हातमा सत्ता पुग्यो । पञ्चायतीकालदेखि बहुदलीय कालहुँदै पछिल्लो कालसम्म जुन जुन मान्छे र वर्ग सत्तामा थिए, अहिले पनि उनीहरुकै हातमा सत्ता छ । हाम्रो आन्दोलनका धोकेबाजहरु पनि त्यही प्रतिक्रियावादी सत्तामा लामबद्ध हुन पुगे । त्यसैकारण हामीले संविधानको विरोध गऱ्यो, संविधान जलायौं । तसर्थ, जनताले आफ्नो मुक्तिका निम्ति फेरि संघर्ष गर्नु अनिवार्य बन्न गयो ।


हामीले मधेसी मोर्चा र जनजातिका साथीहरुसँग मिलेर आन्दोलन गरौं भनेर निकै प्रयास गरियो तर खासगरी मधेशी मोर्चाका साथीहरु अलग अलग भएर गए । हामीले उनीहरुले उठाएका जायज मागहरुको समर्थन गरिरहेका छौं तर उनीहरु क्रान्तिकारी शक्तिहरुसँग भन्दा पनि विस्तारवादी र विस्तारवादका दलालहरुसँग घाँटी जोड्न पुगे । अहिले पनि हामी उनीहरुका जायज मागको समर्थन गर्छौ र अन्दोलनप्रति ऐक्यवद्धता जाहेर गर्छौं ।

संविधान संशोधनको कुरा चलिरहेको छ । हामीले हाम्रो धारणा प्रष्ट रुपमा राखेका छौं । संविधान संशोधन गरेर समस्याको हल हुन्छ ? आदिवासी, जनजाति र मधेसी मोर्चा, जो संसदीय लोकतान्त्रिक गणन्त्रको पक्षधर छन्, उनीहरु संशोधनको पक्षमा जान सक्छन् । तर हामीले यो तरिकाले समस्याका समाधान हुन सक्तैन भनेर निरन्तर भन्दै आएका छौं । तसर्थ, यो संविधान खारेज हुनुपर्दछ । र, जनताको संघीय गणतन्त्रमा आधारित नयाँ संविधान बन्नु पर्दछ । अहिले सिमांकनमा धेरै बहस चलाइराखेको छ । सिमांकन राम्रो तरिकाले गरिएको छैन । संघीयताको मुख्य आधार भनेको जनसमुदायको बसोबासको स्थितिलाई हेर्ने हो । कुन ठाउँका कुन जनसमुदायको बसोबास छ, त्यसलाई ख्याल गरेर सिमांकन गरिनु पर्दछ भने अर्को महत्वपूर्ण कुरा भनेको जनताको अग्राधिकारको प्रश्न हो । खोई अहिले उठाएको अग्राधिकारको प्रश्न ? प्राकृतिक स्रोधसाधनमाथि स्थानीय जनताको खोई अग्राधिकार ?

अपर कर्णाली भारतीय कम्पनीलाई दिइयो । अरुण तेस्रो भारतीय कम्पनीलाई नै बुझाइयो । यहाँ स्थानीय जनताको अग्राधिकार हुन्छ किन हुँदैन ? अग्राधिकार र पहिचानविनाको संघीयताको के काम ? पहिचानको मूल कुरा अग्राधिकार हो । यी सवालमा गम्भीर रुपमा धोका दिइएको छ । तसर्थ, यो संविधान खारेज गरिनु पर्दछ । यसका निम्ति फेरि अर्को संघर्षको गर्नुको विकल्प क्रान्तिकारी कम्युनिष्ट र आमूल परिवर्तनका पक्षधर आम जनता र उत्पीडित वर्ग समुदायसँग छैन ।

नयाँ जनवादी क्रान्ति पूरा नगरीकन, जनतालाई अधिकारसम्पन्न नगरीकन समाजवादी क्रान्ति हुन सक्दैन । समाजवादी क्रान्तिमा अगाडि बढ्नका निम्ति नयाँ जनवादी क्रान्ति सम्पन्न गर्नु अनिवार्य छ ।

(ललितपुरको कुपण्डोलमा शनिबार सम्पन्न अखिल नेपाल आदिवासी जनजाति महासंघको दोस्रो राष्ट्रिय भेलामा व्यक्त विचारमा आधारित)



● माओत्सेतुङ

# 'सचेत भएर पार्टी अनुशासनको सम्मान गर'

अध्यक्ष माओले हामीलाई सिकाउनु भएको छ कि कम्युनिष्टहरु "अनुशासनलाई सम्मान गर्ने कुरामा नमुना बन्नु पर्दछ ।" (१४४) पार्टी अनुशासनलाई सम्मान गर्न हामीले व्यक्ति संगठनको अधिनस्थ हुन्छ, अल्पमत बहुमतको अधिनस्थ हुन्छ, तल्लो कमिटी माथिल्लो कमिटीको अधिनस्थ हुन्छ र पुरा पार्टी केन्द्रीय समितिको अधिनस्थ हुन्छ भन्ने पार्टी विधान अनुसार चल्नु पर्दछ ।

व्यक्ति संगठनको अधिनस्थ हुन्छः यसको अर्थ पार्टीका सदस्यहरु दृढतापूर्वक पार्टी संगठनका पारित प्रस्ताबहरु र निर्देशनहरुप्रति अधिनस्थ हुनुपर्दछ, तिनलाई लागु गर्नुपर्दछ र कुनै बहानामा पनि तिनको उल्लंघन गर्नुहुँदैन भन्ने हो । तर, पार्टीको निर्णय र निर्देशनप्रति सहमत नहुने पार्टी सदस्यहरुले आफ्नो मत सुरक्षित राख्न पाउने अधिकार राख्छन् र साथै आफ्नो तह फडकेर सिधै केन्द्रीय समिति र त्यसको अध्यक्षलाई रिपोर्ट गर्न सक्छन् ।

अल्पमत बहुमतको अधिनस्थ हुन्छः यसको अर्थ पार्टी संगठनहरुले पारित गरेका प्रस्तावहरुलाई पार्टी सदस्यहरुले दृढतापूर्वक लागु गर्नुपर्दछ भन्ने हो । अल्पमतको विचार अस्वीकार भएपछि अल्पमतमा भएकाहरुले बहुमतले गरेको निर्णयलाई कार्यान्वयनमा समर्थन गर्नु पर्दछ । आवश्यक पऱ्यो भने, त्यो विषयलाई छलफलका निम्ति पुनः एकपटक कार्यसूचीमा राख्न सकिन्छ तर कुनै हालतमा पनि कार्यान्वयनमा विरोध जनाउन पाईदैन ।

तल्लो तह माथिल्लो तहको अधिनस्थ हुन्छः यसको अर्थ माथिल्लो तहका संगठनले निर्धारण गरेका निर्णयहरु, निर्देशनहरु र कामहरुले तल्लो तहका पार्टी संगठनहरुलाई दरोगरी बाध्नु पर्दछ र कार्यान्वयनको ग्यारेन्टी हुनु पर्छ भन्ने हो । तिनीहरु सिङ्गो पार्टीको हित विरुद्ध, यसको एउटा हिस्साको हितमा खडाहुन पाउँदैनन्, न त तिनीहरुले माथिल्लो तहको निर्णयलाई अस्वीकार गरेर वा त्यसको विरोध गरेर सिङ्गो पार्टीको केन्द्रीकृत एकतालाई ध्वस्त पार्न नै पाउंछन् ।

पुरा पार्टी केन्द्रीय समितिको अधिनस्थ हुन्छः यो पार्टी अनुशासनको सर्बोच्च सिद्धान्त हो । अध्यक्ष माआको नेतृत्वमा रहेको पार्टीको केन्द्रीय समिती सिङ्गो पार्टी, सेना र जनताको नेतृत्वदायी केन्द्र हो । अध्यक्ष माओका निर्देशन र केन्द्रीय समितीका आ≈वानहरुले सर्बहारा वर्ग र हाम्रो देशका आम जनताको हितको प्रतिनिधित्व गर्दछन् र यीनले क्रान्ति र निर्माणमा विजय प्राप्त गर्ने कुराको ग्यारेन्टी गर्दछन् । सधैं र जुनसुकै परिस्थितिमा पनि हामीले अध्यक्ष माओले नेतृत्व गर्नु भएको पार्टीको केन्द्रीय समितिका निर्देशन अनुसार बोल्नु र कामगर्नु पर्दछ र अति जनवाद, अति परनिर्भरता र पार्टी अनुशासनलाई ध्वंश गर्ने अन्य व्यवहारहरुलाई रोक्नु पर्दछ र साथै तीनलाई दृढतापूर्वक पराजित गर्नु पर्दछ ।

वस्तुतः पार्टी अनुशासनलाई सम्मान गर्ने भन्नुको अर्थ त्यसमा अन्धसमर्पण होइन । हाम्रो पार्टीमा अध्यक्ष माओले प्रतिनिधित्व गर्नुभएको सही कार्यदिशा नै नेतृत्वदायी स्थानमा छ तर पनि खास-खास समयमा गलत कार्यदिशा र प्रवृत्तिहरु पनि देखा पर्न सक्छन् । यदि कतिपय ईलाका तथा क्षेत्रहरुमा मानिसहरुले ती गलत कार्यदिशा र प्रवृत्तिहरुलाई सही ठानेर त्यसको पक्षमा उभिए भने एउटा कम्युनिष्ट पार्टीको सदस्य त्यसका विरुद्ध खडा हुनु पर्दछ र अध्यक्ष माओको क्रान्तिकारी कार्यदिशा र पार्टी अनुशासनको रक्षागर्न ज्वारभाटाका बिरुद्ध जान हिम्मत गर्नु पर्दछ ।

पार्टी अनुशासनको सम्मान गराउन हामीले पार्टी सदस्यहरुको चेतनास्तरलाई माथि उठाउनु पर्दछ । सर्बहारा अनुशासन सचेत अनुशासन हो, यो बुर्जुवाहरुको प्रतिक्रियावादी अनुशासन भन्दा आधार भूत रुपले नै फरक छ । बुर्जुवाहरुको अनुशासन जनताको शोषण र दासत्वको आधारमा स्थापित हुन्छ र यो उत्पीडनकारी उपाय तथा झुट मार्फत मात्र पालना हुन सक्छ । अर्कोतिर लेनिनले औंल्याउनु भयो कि सर्बहारा अनुशासन पार्टीका सबै सदस्यहरुको चेतनामा आधारित हुन्छ, "सर्बहारा अग्रदस्ताको वर्गीय चेतना र यसको क्रान्तिप्रतिको समर्पणले, दृढता, आत्म-वलिदान र वीरताले" (१४५) यो कायम हुन्छ, परिक्षित हुन्छ र सुदृढ हुन्छ । पार्टी अनुशासन अनिवार्य भए पनि यसको प्रयोग भने सर्बथा पार्टी सदस्यको उच्च चेतनास्तरमा भर पर्दछ । यो चेतनाको स्रोत पार्टी तथा जनतामा सदस्यहरुको सम्मानभाव र क्रान्तिकारी उद्देश्यप्रति तिनीहरुको उच्च जिम्मेदारी बोधमा निहित हुन्छ । यो उच्चस्तरको चेतनाको कारणले तिनीहरु क्रान्तिको हितलाई पहिलो स्थानमा राख्न, आफ्ना स्वार्थहरुलाई क्रान्तिको अधिनमा राख्न र पार्टी अनुशासन संरक्षण गर्नका लगि जीवन वलिदान गर्न पनि नडराउने बन्छन् । परिस्थिति जतिसुकै कठीन भए पनि यो उच्चस्तरको चेतनाका कारणले तिनीहरु "कठीनाई र मृत्युबाट नडराउने" (१४६) र पार्टी अनुशासनलाई दृढतापूर्वक लागु गर्ने बन्छन् र पार्टी नेतृत्वबाट अलग भए पनि, तिनीहरुलाई रेखदेख गर्न वरिपरी कोई नभए पनि तिनीहरु आफै पार्टी अनुशासन प्रति स्व-आग्रही बन्छन् र त्यसलाई सचेत ढङ्गले मान्ने हुन्छन् ।

पार्टीका गोप्य कुराहरुलाई जोगाउने मामलामा निर्मम यातनाका सामु पुरा दृढ रहेर लिउ हुलान कसैले हल्लाउन नसक्ने ठहरिईन्, र पार्टीको हितको रक्षा गर्दै बहादुरी पूर्वक दुश्मनको चक्कुडबाट आफ्नो बलिदान स्वीकारिन् । लडाईको मैदानको अनुशासनलाई सम्मान गर्दै स्वयंशेवक सेना लुकेको ठाउंलाई गोप्य राख्न दन्केको आगाको ज्वालाले पिल्स्याउंदा पनि चिउ शाओ-युन निश्चल भए र चुप लागेर बसे । लडाईका कामलाई सफलतापूर्वक सम्पन्न गर्ने कुराको सुनिस्चितता गर्न उनले आफ्नो जीवन वलिदान गरे । यी क्रान्तिकारी शहीदहरुबाट प्रेरणा लिएर कम्युनिष्ट पार्टीका सबै सदस्यहरुले निष्ठापूर्वक मार्क्सवादी-लेनिनवादी शास्त्रीय सामाग्रीहरु र माओका कृतिहरु अध्ययन गर्नु पर्दछ, तिनीहरुको वैचारिक चेतना उठाउन प्रयत्न गर्नु पर्दछ, तिनीहरुको सर्बहारावादी पार्टी स्पिरिटलाई बलियो बनाउन र पार्टी अनुशासनलाई सचेत ढङ्गले सम्मान गर्ने नमुनाको रुपमा काम गर्नु पर्दछ । पार्टी अनुशासनको सम्मान गर्न हामी सबैले यसको अपमान गर्ने व्यवहारको विरोध गर्नु पर्दछ । सबै कम्युनिष्टहरु पार्टीको अडानमा बांधिनु पर्दछ र निडर हुने क्रान्तिकारी स्पिरिट प्रदर्शन गर्नु पर्दछ । तिनीहरु सर्बहारा वर्गको क्रान्तिकारी सिद्धान्तमा बांधिनु पर्दछ, पार्टीमा घुसेका बुर्जुवाका एजेण्टहरुले पार्टीलाई ध्वंश गर्ने षडयन्त्रहरुका विरुद्ध संघर्ष गर्नु पर्दछ र पार्टी अनुशासनका विरुद्ध हुने सबै कामहरुको विरोध गर्नु पर्दछ । एउटा कम्युनिष्टमा यो भाव छ कि छैन भन्ने कुराले उसको पार्टी स्पिरिटको सबल र दुर्बल पक्ष देखाउंछ ।

हाम्रो पार्टीमा "आफुलाई व्यक्तिगतरुपमा असर गर्दैन भने कुराहरु अगाडि बढन दिने", "गलत के हो भन्ने सबै कुरा बुझेर पनि थोरै भन्दा थोरै बोल्ने" अथवा "शव्दले बाठो हुन खोज्ने, सुरक्षित खेल खेल्ने र दोषबाट छलिन मात्र खोज्ने" जस्ता पार्टी अनुशासनसंग मेल नखाने गरी सधैं उदारवादी धारणा राख्ने कमरेडहरु पनि छन् । यो जसरी आगो संग पानी मिल्दैन त्यसरी नै कम्युनिष्टहरुको क्रान्तिकारी स्वभाव संग नमिल्ने अत्यन्त विकृत र बुर्जुवाहरुको कुहेको शैली हो । पार्टी अनुशासनलाई अपमान गर्ने कामका बिरुद्ध हामीले संघर्ष गर्दैनौं भने, हामीले त्यसको खरो विरोध गर्दैनौ भने, तिनीहरु प्रति उदारवादी रबैया अपनाउं छौं भने हामीले असलबाट खराबलाई छुट्याउन नसक्ने, हानीकारक कार्यशैली फैलिन दिने र यसरी पार्टीको हितलाई नोक्सान पुऱ्याउने खतरा निम्त्याउने छौं । कम्युनिष्टले कसरी व्यवहार गर्नु पर्छ भन्ने बारे माओले हामीलाई सिकाउनु भएको छ, "सधैं र जहां पनि उ सिद्धान्तसंग जोडिनु पर्दछ र सबै गलत विचार र कामहरुका विरुद्ध उसले अथक संघर्ष गर्नु पर्दछ ''।" (१४७) हामीले यस्तो क्रान्तिकारी स्पिरिट देखाउनु पर्दछ र पार्टीको अनुशासनको रक्षा गर्न संघर्ष गर्नु पर्दछ ।

पार्टी अनुशासनलाई सम्मान गर्नका निमित्त हरेक कम्युनिष्टले, विशेषतः विभिन्न तहका नेतृत्वदायी कमरेडहरुले सचेत ढङ्गले जनताको आलोचना र नियन्त्रणलाई स्वीकार्नु पर्दछ । हाम्रो राज्य सर्बहारा वर्गको अधिनायकत्वको समाजवादी राज्य हो, श्रमजीवि वर्ग, गरीव तथा मध्यम किसान र आम मेहनती जनता यसका मालिक हुन् र तिनीहरु संग पार्टी र राज्यका विभिन्न तहका कार्यकर्ता माथि क्रान्तिकारी नियन्त्रण लागु गर्ने तागत रहन्छ । तर, पार्टी भित्र वा बाहिरका जनताले आफ्नो टिप्पणी राख्दा त्यसलाई थेग्न नसक्ने सानो संख्यामा केही कार्यकर्ताहरु रहेका हुन्छन् । यी कार्यकर्ताहरु आलोचनालाई दबाउने र बदला लिने हदसम्म पनि जान्छन् । यसलाई पार्टी अनुशासनले अनुमति दिदैन । हामीले पार्टी अनुशासनको विरोधमा खडा हुने यस्ता गतिविधिका विरुद्ध गर्नुपर्ने कठोर संघर्षको प्रश्नलाई दुई-लाईन संघर्षको उच्च तहबाट हेर्नु पर्दछ ।

चिनियाँ कम्युनिस्ट पार्टीको आधार भूत बुझाई(साङ्घाई १९७४) पुस्तकबाट

# तथाकथित तीन ठूला दलले निम्त्याएको राष्ट्रिय सङ्कट



✍ पुष्पगोपाल श्रेष्ठ

देश र जनता भाँडमै जाओस् भनी साम्राज्यवाद र विस्तारवादको दलालीमा नै स्वर्णिम आनन्द मानी लुतेकुकुरको जीवन भन्दा पनि गएगुज्रेको जीवनयापन गर्दै हिंडेका हुतिहाराहरुको कब्जामा रहँदै आएको प्रतिक्रियावादी राज्यसत्ताका वर्तमान प्रधानमन्त्री पुष्पकमल दाहालको यो अत्यन्तै दयनीय सोँच र निन्दनीय क्रियाकलापले, देशको राष्ट्रिय स्वधीनता र भौगोलिक अखण्डतामा प्रत्यक्ष आँच पुऱ्याएको मात्र छैन, अपितु तिनले गरेको भारतीय विस्तारवादी राज्यसत्ताका प्रधानमन्त्री नरेन्द्र मोदीसँगको २५ बुँदे संयुक्त विज्ञप्तिले भुटानीकरण त गरि नै सके अहिले फेरि उही भारतीय विस्तारवादकै नीति निर्देशनलाई शिरोधार्य गर्दै नेपाललाई सिक्किमीकरण गर्न (जारी भएको चार महिना नपुग्दै) संशोधन गर्न लागि पर्दैछन् । वर्तमान संविधानलाई संशोधन गर्न गराउन भारतीय विस्तारवादले यो भन्दा पहिला पनि तिनीहरुले अमर्यादित कुतनीति र अन्तर्राष्ट्रिय मूल्य र मान्यता (नीति नियम्) विपरीत हुनेगरी संविधानमा सातबुँदे संशोधन प्रस्ताव पठाएसँगै नाङ्गो रुपले नेपालमाथि नाकाबन्दी लादेका थिए । अहिले पनि भारतीय विस्तारवादले अमर्यादित कुटनीतिका साथ भारतीय राजदूत रञ्जित रेले मधेसी मोर्चाका नेताहरुलाई दुतावासमा दिवाभोजको आयोजना गरी संविधान संशोधन प्रस्तावमाथि समर्थन जनाउन दबाव दिनु र त्यसैगरी रअका पूर्व प्रमुख आलोक जोशीले पनि सत्तारुढ दल, एमालेभित्रका इण्डियन लवी र मधेसी मोर्चाका नेताहरुलाई भेटेर संशोधन प्रस्ताव पारित गराउन गम्भीर रुपको भूमिका खेलिरहेको राजनीतिक सतहमाथि प्रस्ट देखिन आएको छ ।

यसै प्रसंगमा नेपालस्थित भारतीय राजदूत रणजित रायले, नेपालका प्रधानमन्त्रीलाई भेटेर एमाले बाहेक पनि संसदमा दुईतिहाई बहुमत पुऱ्याउन मधेसी मोर्चाले सघाउनेजस्तो फोस्रो आश्वासन दिनु र रेको त्यो धृष्टता पूर्ण आश्वासन पाई फुर्केका प्रचण्डले मुलुकमा कथित तीन ठूला दलका मुठ्ठिभर नेताहरुको सिण्डिकेटमा नेपाली जनतामाथि लादिएको प्रतिक्रियावादी संविधान, फेरि त्यसमाथि हाल दिल्लीको चाहनाअनुरुप संशोधन प्रस्ताव संसदमा दर्ता गरेको विरोधमा देशव्यापी चुर्लिंदै गइरहेको जनआक्रोशलाई मथ्थर पार्दै प्रदर्शनकारी स्वाभिमानी नेपालीहरुलाई थकाउन अहिले स्थानीय चुनावको रट् लगाउन थालेका छन् । र सुन्नमा आएअनुसार संसदबाट राजिनामा गरी बाहिरिसकेका बाबुराम भट्टराईलाईसमेत फेरि सांसद बनाई संशोधन प्रस्ताव पारित गर्न दाहाल सरकार लागिरहेको छ ।

हामीले जानी, भोगी, देखीआएको कुरा के हो भने, हाम्रो देश नेपाल बहुजाति, बहुभाषिक, बहुसांस्कृतिक र भौगोलिक विविधतायुक्त सुन्दर देश हो । तर, दुःखको कुरो यस्तो सुन्दर देशलाई करिब २५०/६० वर्ष अघि अति महत्वाकांक्षी पृथ्वीनारायण शाहले, नेपाल एकीकरणको नाउँमा अनेक जालझेल अपनाइ गोरखा-राज्य विस्तार गर्न गरिएको प्रयास, नेपालका स्वाभिमानी देशभक्त आदिवासी जनजाति, मधेसी, दलित, मुस्लिम, थारुलगायतले आफ्नो सीप र क्षमताको उपयोग गर्दै निर्माण गरिराखेको भौतिक संरचनासँगै यहाँको विविधतायुक्त भौगोलिक स्थिति अनुरुप बसोबास गर्दै आएका विभिन्न जाति समुदायहरुका आ-आफ्नै रहन-सहन, भेष-भूषा, भाषा, कला र संस्कृतिले परिपूर्ण रही समय् सापेक्ष ढङ्गले आनन्दित जीवनयापन गर्दै आइरहेका थिए । यसमध्ये नेवार जातिको बस्ती विशेषतः काठमाडौं, भक्तपुर र ललितपुरमा नेवार जातिले गरेको यी जातिको मौलिक भाषा, साहित्य, संगीत, हस्त-कला, काष्ठकला, धातुकला तथा मठमन्दिरहरुले सिंगारिएको अत्यन्तै रमणीय स्थितिलाई चिरेर, आफ्नो महत्वाकांक्षी कार्य सम्पन्न गर्न असफल हुन पुगेपछि जातीय विभेद अर्थात् पृथ्वीनारायण शाहद्वारा सृजित आन्तरिक उपनिवेसलाई मजबुत र दिगो बनाउनु, नेपाली भूमिका तमाम् आदिवासी जनजाति मधेसी, दलित, मुस्लिम, थारुलगायत उपेक्षित क्षेत्र र सीमान्तकृत समुदायलाई शोषण दमन र उत्पीडन गर्दै, निरङ्कुश नीति अपनाई बहुजाति, बहुभाषिक र विविध धर्म-संस्कृति भएको नेपाललाई खस राष्ट्रवादको "एकजाति, एकभाषा, एकधर्म र एक देशको नारा दिएर एक केन्द्रिकृत तानाशाही सामन्ती शासन कायम गरेका थिए ।

नेपालमा राजतन्त्र समाप्त भइसक्दा पनि दिल्ली दरबारको आसे-पासे अर्थात् तिनकै दलाल तथा नोकरशाही पुँजीपति एवम् सामन्ती प्रतिक्रियावादी राज्यसत्ता यथावत कायम छ । सदियौंदेखि उत्पीडनमा परी अत्यन्तै कस्टकर जीवन जिउन बाध्य, जसलाई उनमुक्ति दिनको लागि नेकपा (माओवादी)ले दिनरात केही नभनी मुलुकमा नयाँ जनवादी राज्यव्यवस्था कायम गर्न दश वर्षीय सशस्त्र जनयुद्धमा उत्रेका थिए । परन्तु जनयुद्धका मूल नायक नै खलनायक बनी पार्टीले अङ्गिकार गर्दै आएको सैद्धान्तिक आधार, मार्क्सवाद-लेनिनवाद-माओवादलाई अनादर गरी सैद्धान्तिक मूल्य र मान्यता विपरीत, क्रान्तिको नेतृत्व सम्हाल्दै आएका स्वयम प्रचण्डले नै प्रतिक्रान्तिको नेतृत्व गरी जनयुद्धले स्थापित गरेको नयाँ जनवादी राज्यव्यवस्था नजिकको बनी-बनाउ वस्तुगत स्थिति सबै भताभुङ्ग पारी, दुर्गन्धित त्यो संसदीय आहलमा डुबुल्की मार्न पुगेका थिए र वर्तमानमा पनि उही प्रचण्ड, अझ भन्ने हो भने भारतीय विस्तारवादसामु दलालीमा उत्कृष्ट दर्जा बनाइसकेका नेपाली काङ्ग्रेस र एमालेले समेत गर्न हिचकिचाइहेको आज प्रचण्डले बिना हिचकिचाहट भारतका प्रधानमन्त्री मोदीसँगको २५ बुँदे संयुक्त प्रेसवक्तव्यमार्फत् नेपाललाई भुटानीकरण गरी भ्याइसकेका छन् भने, अब फेरि सिक्किमीकरण गर्न, त्यो जनविरोधी प्रतिक्रियावादी संविधानलाई दिल्ली दरबारको निर्देशनमा उनकै डिजाइनअनुसार संशोधन गर्न गराउन संसदमा संशोधन प्रस्ताव दर्ता गरी उक्त प्रस्ताव पारित गर्न र गराउन फेरि पनि भारतीय विस्तारवादी शासकसामु पूरै नाङगिएर लम्पसार गर्न गइरहेको स्थिति छ ।

नेपालको विद्यमान राजनीति तथा देशको वस्तुगत स्थितिप्रति नेपालका तमाम् स्वाभिमानी देशभक्त नेपालीहरु पूर्ण रुपले सचेत मात्र होइन, जागरुक भइ राष्ट्रिय स्वाधीनताको रक्षा, जनतन्त्र र जनजीविकाको सवाललाई लिएर साम्राज्यवाद तथा भारतीय विस्तारवाद वा अरु जो कोही विदेशीहरुद्वारा भए गरेको नेपालको राष्ट्रिय स्वाधीनतामाथिको हस्तक्षेप विरुद्ध, पूरै बलिदानीपूर्ण भावकासाथ जुझारु ढङ्गले संघर्षको मैदानमा उत्रन अत्यावश्यक भएको छ । जसअनुसार विभिन्न जिल्ला र गाउँघरका स्वाभिमानी नेपालीहरु राष्ट्रिय स्वाधीनताको सवाललाई लिएर देशभित्र र बाहिरका ती लम्पसारवादी दलाल तथा नोकरशाही पुँजीपतिहरु एवम् सामन्त वर्गीय प्रतिक्रियावादी राज्यसत्ताविरुद्ध धर्ना, बन्द हड्तालका साथ जुझारु ढङ्गले सडकमा उत्रिरहेका जागरुक ती जनसमुदायप्रति ससम्मान आदर गर्दै, "माछा आए दुलोभित्र हात, सर्प आए दुलो बाहिर हात" गर्ने प्रवृत्तिलाई पछ्याउन छोडेर सचेत तथा जागरुक संघर्षशील ती जनसमुदायसँगै काँधमा काँध मिलाई राष्ट्रिय स्वाधीनताको रक्षार्थ मरिमेटने कसम खाएर सङ्घर्षको मैदानमा उत्रनु अत्यावश्यक हुन आएको छ । अन्यथा हुतिहारा लम्पसारवादी वर्तमान सरकार र तिनकै सहयोगी दलाल तथा नोकरशाही पुँजीपति र सामन्त वर्गले, भारतीय विस्तारवाद (दिल्लीदरबार) को इच्छाअनुरुप त्यो पश्चगामी जनविरोधी संविधान संशोधन गर्ने प्रक्रिया पुऱ्याई नेपाललाई सिक्किमीकरण गर्ने काम विधिवत् ढङ्गले सम्पन्न गरी तमाम नेपालीलाई आफ्नै नेपाली भूमिभित्र पराई बनाइ भारतीय विस्तारवादको कमारा बनी जिउन बाध्य तुल्याउने छन् ।

हुन त नेकपा (क्रान्तिकारी माओवादी)ले त्यति नै खेर दलीय व्यवस्थाभित्र निर्दलीय अर्थात् सर्वोच्च अदालतका बहालवाला प्रधान न्यायधिस खिलराज रेग्मीको अध्यक्षतामा निर्दलिय सरकार गठन गर्ने प्रक्रियाको विरोध गर्नुसँगै त्यो असंवैधानिक तरिका अपनाई गर्न गइरहेको दोस्रो संविधानसभाको चुनावबाट देशको आवश्यकता र जनचाहना अनुरुपको जनसंविधान निर्माण गर्न सकिन्न र हुन्न भनी सशक्त बहिष्कारको घोषणा गरी मैदानमा उत्रेका थिए । नभन्दै आज आएर उक्त दोस्रो संविधानसभाले पश्चगामी जनविरोधी संविधान निर्माण गर्ने मात्र नभई त्यही जनविरोधी संविधानको मातहतमा खडा भएको लम्पसारवादी नेकपा (माओवादी केन्द्र) का नाइके प्रचण्डको प्रधानमन्त्रीको नेतृत्वमा गठित वर्तमान सरकार र तिनका अन्य सहयोगीहरुको मिलिभगतमा अहिले फेरि त्यो जनविरोधी संविधानलाई दिल्ली दरबारको आशय र उनीहरुकै डिजाइनअनुरुप उक्त संविधान संशोधन गरी नेपाललाई सिक्किमीकरण गर्ने मरिहत्ते गर्न लागिपर्दै छन् ।



तथाकथित ती तीन ठूला दल भनिएकाहरुको राष्ट्र र राष्ट्रियताप्रतिको गैरजिम्मेवारी हर्कत कै कारण राष्ट्रिय स्वाधीनतामाथि अत्यन्तै खतरानाक ढङ्गले मडारिरहेको वर्तमान स्थितिमा, नेकपा (क्रान्तिकारी माओवादी)ले देश र जनताप्रतिको आफ्नो क्रान्तिकारी दायित्ववोधका साथ देशभक्त आम जनसमुदायबीच, दोस्रो संविधानसभाबाट भारतीय विस्तारवादी नीति र निर्देशनअनुरुप निर्माण गरिएको पश्चगामी जनविरोधी संविधान संशोधन होइन, उक्त जनविरोधी संविधान खारेज गरी गराई, देशको आवश्यकता र जनचाहनासमेत् ध्यानमा राखेर आजको आवश्यकता अनुरुप मुलुकभित्रका तमाम उत्पीडित मजदुर, किसान आदिवासी जनजाति, महिला, मधेसी, मुस्लिम, दलित थारुलगायत उपेक्षित क्षेत्र र सीमान्तकृत समुदायको मुक्तिका लागि आत्मनिर्णयको अधिकार र जातीय पहिचान तथा जातीय समुदायको बसोबास र ऐतिहासिक पृष्ठभूमिको आधारमा सिमाङ्कन गरी संघीय जनगणतन्त्र स्वायत्त राज्य निर्माण गर्ने उद्देश्य बोकेर आम जनसमुदायबीच क्रान्तिकारी कार्यदिशाअनुरुपको क्रान्तिकारी कार्यक्रमका साथ, पार्टी संगठनलाई सुदृढ र सुसंगठित पार्दै, देशका स्वाभिमानी जनसमुदायबाट स्वस्फूर्त रुपमा त्यो प्रतिगामी संविधान संशोधन गरी सिक्किमीकरणको मार्ग प्रशस्त गर्न खोज्नेजस्ता राष्ट्रघाती सोच र कार्यविरुद्ध देशका विभिन्न जिल्लाहरुमा धर्ना, बन्द हड्तालका साथ सडकमा उत्रेका जनसागरप्रति ऐक्यबद्धता जनाउँदै क्रान्तिको पहलकदमी लिन मैदानमा उत्रनु क्रान्तिकारी पार्टीको नैतिक दायित्व हुनुका साथै अत्यन्तै संवेदनशील राष्ट्रिय दायित्व पनि हो । र यस राष्ट्रिय दायित्वप्रति नेपालका सम्पूर्ण देशभक्त तथा स्वाभिमानी नेपालीहरु एकजुट भइ जुझारु ढङ्गले राष्ट्रिय स्वाधिनता जोगाउन बालिदानीपूर्ण संकल्पका साथ संघर्षको मैदानमा उत्रनु नितान्त जरुरी हुन आएको छ र उत्रनै पर्छ । यो नै एकमात्र स्वाभिमानी तथा देशभक्तिको सही चिनारी हो ।

०७३/०८/२४

---

◆ झर्रोटर्रो ✍ कैलुब्राह

*सन्दर्भ : भ्रष्टाचार दिवस*

## यसो गरे कसो होला ?

सन् २००३ डिसेम्बर ९ अर्थात् मङ्सिर २४ मा संयुक्त राष्ट्रसङ्घले भ्रष्टाचार विरुद्धको अन्तर्राष्ट्रिय महासन्धि पारित गऱ्यो । त्यसपछि विश्वभर भ्रष्टाचार विरुद्धको दिवस मनाउने लहर र रहर चल्यो । त्यो लहरमा नेपाल मण्डल पनि थपियो । त्यसपछि कहिल्यै भ्रष्टाचार नगरेका गौपरानी सन्त मनुवाहरूले बर्सेबर्स यो दिवस मनाउँदै आएका छन् । सदाझैँ यस बर्स पनि हिज २४ गते यो दिवस मनाउन विभिन्न अधिकारवादी (खासमा डलरवादी) संस्थाहरूदेखि मनुखे समाजका विविन्न मनुवाहरूले पनि ठाउँ ठाउँमा यो भ्रष्टाचार गर्न हुन्न भन्ने दिवस मनाए । यसै सिलसिलामा नेपाल सरकारदेखि विभिन्न सरकारी र गैरसरकारी सङ्घ संस्थाहरू हुँदै तोरीलाउरे लाउकेदेखि उपरखुट्टे टाउकेसम्मका मनुवाहरूले भ्रष्टाचार गरेको छ छैन भनी खनीकोदालो गर्ने ठेक्का पाएको 'जेमराज' संस्था अख्तियारले पनि दिवस धुमधामसँग मनायो । एकडेढ लाखको खर्चमा दर्सौं लाख खर्च गरेको बील भरपाई बनाएर सुद्ध मनले चोखो तरिकाले भष्टाचार विरुद्धको दिवस मनायो अख्तियारले । उसले यो दिवस मनाउँदा सरकार र सरकार चलाएका सबै पार्टी र तिनका ढेँडु नेताहरूलाई बोलायो । सात भाइ पूर्व सरकारी ढेँडुहरू सबै त्यो सभामा हाजिर भए । ऐलेका सरकारका ढेँडु पनि प्रमुख अतिथि बनेर हस्याङफस्याङ गर्दै सभामा विराजमान भए ।

कार्यक्रममा भ्रष्टाचार गरेको भनेर विनासित्तीको आरोप लगाउँदै विगतमा अख्तियारले डामेर ठेँडुकोमा कोचेका खुमबहादुर खड्का, चिरञ्जीवि वाग्ले, जेपी गुप्तादेखि विभिन्न सरकारी खान्की खाएका मनुवाहरू पनि तैनाथ थिए । बेलाबेलामा नोटका बीटा समात्दा समात्दै रङ्गेहात समातिएका कर्मचारी, पुलिस, ठेकेदार, उद्योगी र ब्यापारीसम्मका विभिन्न लाउके मनुवाहरूको ठेलमठेल भिड थियो । सबैले आआफ्ना हातमा भ्रष्टाचार दिवस लेखिएको प्लेकार्ड बोकेका थिए । अख्तियारकै कार्यकक्षभित्रको सभाहलमा यो भेला चलेको थियो । भेलामा सबैले भ्रष्टाचारका बारेमा लामा लामा भाषण छाँटे । भाषणमा रासन मिलाउनुपर्ने कासन पनि दिए ।

विभिन्न समयमा सरकारी पगरी गुथेका ढेँडुहरूलाई पालैपलो बोल्ने व्यवस्था मिलाइएको थियो । पञ्चकालिन ढेँडुदेखि हालको गणतन्त्रकालिन ढेँडुसम्म सबैले बोले । बोल्नेबेला सबैले आफू भन्दा अगाडि पगरी गुथ्ने ढेँडुले धेरै भ्रष्टाचार गरेको भनेर पोल खोले । पोल खोला खोल्दै एक आर्कालें सबैलाई नाङ्गेभार पारे । पञ्चकालिन ढेँडुले पञ्चकालमा खोलेका राष्ट्रिय उद्योगहरू सबै बहुदलकाल र गणतन्त्रकालका ढेँडुहरूले कौडीको मोलमा बेचेर सबै रकम कुम्ल्याएर देश कङ्गाल बनाएको भनेर आरोप लगाए । कसैले विप्पा गर्दा जुवा खेल्ने, कसैले महाकाली बेच्ने, कसैले २५ बुँदे गरेर सबै बुझाउने, विदेशीलाई नागरिकता बेचेर देश हरिकङ्गाल बनाउने बहुदली र गणतन्त्रवादी ढेँडुहरू हुन् भनेर पञ्चकालिन ढेँडु कुर्ले । पञ्चकालमा एकलौटी रजाइँ गऱ्यौ र बहुदलीकालमा पनि तिमी नै ढेँडु बनेर लुट्यौ ऐले हाम्लाई दोष दिन्चौ भनेर बहुदली ढेँडु उफ्रिए । एउटै ढेँडुले पटक पटक दोहोरिएर तेहरिएर सरकारी पगरी गुत्दा आफ्ना सात पुस्तासम्मलाई पुग्ने गरी सरकारी ढिकुटी कुम्ल्याएको, आफ्ना हनुमान र गणेशहरू पोसेको भनेर एकसरो ढेँडु बन्ने अवसर पाएका ढेँडुहरूले गुनासो गरे । पोल खोलाखोल गर्ने होडबाजी नै चल्यो । पोल खोल्दाखोल्दै एक अर्काको लँगौटी खुस्क्याएको पनि पत्ते पाएनन् । कार्यक्रम चलाएका अख्तियारी लाउकेलाई स्थिति सम्हाल्न सकस पऱ्यो । स्थिति काबु बाहिर गएपछि तिमीहरू सबैलाई ठेँडुकोमा कोचिदिउँ कि चुप लाग्छौ भनेपछि एकछिन सबै चुप लागे ।

सरकार भनेकै सक्नेले लुट्ने, ठग्ने, चोर्ने, ढाँट्ने, बेच्ने, हसुर्ने, सात पुस्तासम्मलाई पुग्ने गरी थुपार्ने र डकार्ने साधन हो भन्ने कुरामा सबैको एक मत बन्यो । सबै सहमत भए । अख्तियारले आफूले विभिन्न बहानामा हसुर्न हुने हाम्ले हसुर्दा भ्रष्टाचार गरेको भन्ने भनेर आलोचना गरे । अख्तियारले पनि हामीले तपाइँहरू ठूला माछालाई छोडेकै त छौं भनेर जबाफ दियो । ससाना ढडिया थापेर साना भुराभुरी माछा मात्र समातेका छौं भनेर सबैलाई आश्वस्त पाऱ्यो । बरू तपाइँहरूले आफूले खाँदा हामीलाई पनि सम्झनु पऱ्यो भन्दै विन्तभाउ गऱ्यो । भ्रष्टाचार त सन्सारमै लोकप्रिय बनेको सत्ताको लोकतान्त्रिक विधिका विरुद्धमा संयुक्त राष्ट्रसङ्घ किन गयो भनेर सबैले उसका विरुद्ध ज्ञापन पत्र दिने निधोमा पुगे । त्यसपछि यो दिवसका अवसरमा अबदेखि भ्रष्टाचार विरुद्धको दिवसका रूपमा नभइ भ्रष्टाचारयुक्त दिवसका रूपमा मनाउने प्रस्ताव पारित गर्ने निर्णय भयो । त्यसका लागि निम्न निष्कर्ष सहितको ज्ञापन पत्र सरकारी पगरी गुथेका सबै ढेँडुहरूबाट संयुक्त हस्ताक्षर गरेर वान कि मुनलाई बुझाउन संयुक्त राष्ट्रसङ्घीय नियोगको कार्यालय पुलचोकमा जाने सहमती भयो ।

**सामयिक प्रस्तावहरू :**

१. भ्रष्टाचार संसदीय व्यवस्थाको अनिवार्य विधि र सिद्धान्त हो । यसलाई लोकतन्त्रको सौन्दर्यका रूपमा लिनुपर्ने ।

२. 'मह काढ्नेले हात चाट्छ' भन्ने उखान नेपाली समाजमा प्रयोगबाट सिद्ध भई निकालिएको पुर्खाहरूको संश्लेषण भएकाले सरकार चलाउने जोसुकैले पनि चाहे स्थाइ सत्ताका सञ्चालक कर्मचारीतन्त्र होस् अथवा छ महिने सरकारी पगरी गुथ्ने समुदाय होस् सबैले आआफ्नो पालामा सकेजति भ्रष्टाचार गर्ने कुरालाई सम्मान गर्नु पर्ने ।

३. अबदेखि भ्रष्टाचार विरुद्धमा दिवस मनाउने नीति खारेज गरी भ्रष्टाचारलाई संसारकै महान् दिवसका रूपमा मनाउने प्रचलन थालिनु पर्ने ।

४. सबैभन्दा ठूलो भ्रष्टाचारी संस्था अख्तियार नै हुने भएकाले यो संस्थालाई खारेज गरी कानूनमै भ्रष्टाचार गर्न उत्प्रेरित गर्ने र त्यसका लागि तालिम दिने संस्थाको निर्माण गर्नु पर्ने ।

५. प्रत्येक बर्स भ्रष्टहरूको भेला गरेर भ्रष्ट प्रतियोगिता गराइनु पर्ने र यसलाई ओलम्पिक खेलमा पनि समावेस गरिनु पर्ने ।

२५ मङ्सिर २०७३

kailubraha73@gmail.com

# अंकीय (डिजिटल) क्रान्तिः अभिशाप कि बरदान ?

*विज्ञान, प्रविधि तथा उत्पादनका साधनको कुनै वर्गीय पक्षधरता हुँदैन । जुन वर्गले यसलाई प्रयोग गर्छ त्यसैको हितमा यसले काम गर्छ । पुँजीवादी समाजमा विकसित प्रविधिलाई मुट्ठीभर पुँजीपतिहरूले अत्यधिक नाफा आर्जनका निमित्त प्रयोग गर्छन् ।*



**इन्द्रमोहन सिग्देल**
सचिवालय सदस्य
ने.क.पा. (क्रान्तिकारी माओवादी)

सामान्यतः २०औं शताव्दीको ७० को दशक पछि र विशेषतः २१औ शताव्दीको सुरुदेखि विज्ञानले कम्प्युटर प्रविधिमा अभूतपूर्व विकास गर्दै आएको छ । केहि वर्ष अगाडिसम्म कल्पना पनि गर्न नसकिने शारीरिक तथा प्राज्ञिक कामहरु कम्प्युटर प्रविधिका कारण आज सहजरुपले सम्पन्न हुने भएका छन् । ड्राईभर बिना चल्ने कारहरुको निर्माण, एकैचोटी सयौ भाषाहरुमा अनुवाद गर्न सक्ने कम्प्युटर सफ्टवेयरको विकास, एटिएम मेसिनबाट वैकिङ्ग कारोबार, अनलाईन शिक्षा, ई-कमर्स लगायतका थुप्रै-थुप्रै कामहरु आज कम्प्युटर प्रविधिले सहजै सम्पन्न गर्न सकिने बनाईदिएको छ । यी प्रविधिहरु सानो मोवाईल सेटमा उपलब्ध हुने भएका छन् । धेरै मानिसहरुले गर्नुपर्ने शारिरीक काम एउटा रोवोटले गर्न सक्ने भएको छ । त्यति मात्र होईन कम्प्युटर प्रविधिले सूचना तथा संचारमा पनि अकल्पनीय परिवर्तन ल्याएको छ । कम्प्युटर प्रविधिले ल्याएको यो समग्र परिवर्तनलाई मानिसहरुले तेस्रो औद्योगिक क्रान्ति अर्थात् अंकीय क्रान्ति भन्ने गरेका छन् । आजकल यसको निकै चर्चा-परिचर्चा हुन थालेको छ । यो विषयमा तल छोटो छलफल गरिएको छ ।


आजभन्दा दुई वर्ष अगाडि, अक्टोबर ४, २०१४का दिन द ईकोनोमिस्ट भन्ने पत्रिकाले द थर्ड ग्रेट वेभ शिर्षकमा विश्व अर्थतन्त्र बारे एउटा विशेष रिपोर्ट प्रस्तुत गरेको थियो । त्यो रिपोर्टले कम्प्युटर प्रविधिको विकासले विश्व अर्थतन्त्रमा के कस्ता नयाँ अन्तरविरोधहरु जन्माई दिएको छ भन्ने लामो विश्लेषण गरेको छ । त्यो प्रतिवेदन लेख्दछ, "कतिपय अर्थशास्त्रीहरुले प्रविधिको यो नयाँ लहरले रोजगारीलाई ध्वस्तगर्न सक्छ भन्ने गरेका छन् । अक्सफोर्ड विश्वविद्यालयका कार्ल बेनेडिक्ट फ्रे र माईकल अब्सकर्नले यो विश्लेषण अगाडि सारेका छन् कि ७०० भन्दा बढी विभिन्न व्यवशायीक कामहरुलाई सजिलैसंग कम्प्युटरीकृत गर्न सकिन्छ । अमेरिकाका ४७ प्रतिशत रोजगारीहरु अब आउने एक वा दुई दशकभित्र स्वचालित हुने छन् भन्ने उनीहरुले निस्कर्ष निकालेका छन् । … अन्य लेखकहरुको विचारमा पूंजीवाद आफै खतरामा परेको छ ।" रिपोर्टले अर्को ठाउंमा लेख्दछ, "अधिकांश मजदुरहरुलाई एक आपसमा र मेसिनहरुसंग प्रतिस्पर्धा गर्न वाध्य पारिएको छ । यसमा आश्चर्य मान्नु पर्दैन कि विकसोन्मूख वा धनी कुनै देशको अर्थतन्त्रमा पनि मजदुरहरुबाट हुने उत्पादनको हिस्सा सानो हुंदै गएको छ ।" त्यसले अरु थपेको छ, "अंकीय क्रान्तिले सानो संख्यामा रहेका दक्ष र सम्पन्न व्यक्तिलाई एकातिर र वाँकि सबैलाई अर्कोतिर गरी समाजमा ठूलो खाडल खनिरहेको छ ।"

यस विषयमा समकालिन विश्वका प्रशिद्ध भौतिक शास्त्री प्रोफेसर स्टेफेन हकिन्सले पनि कलम चलाएका छन् । "हाम्रो ग्रहका लागि यो अत्यन्त डरलाग्दो समय हो" भन्ने शीर्षक अन्तर्गत यही डिसेम्बर २, २०१६का दिन द गार्जियनमा उनको एउटा निकै महत्वपूर्ण रचना प्रकाशित भएको छ । उक्त रचनामा उनले स्पष्ट लेखेका छन्, "कारखानाहरुको स्वचालनले निर्माणका परंपरागत कामलाई ध्वस्त बनाई सकेको छ, कृत्रिम प्रज्ञा (Artificial Intelligence) को बृद्धिले केही सतर्क, सिर्जनशील र निरिक्षणमूलक कामगर्ने बाहेक मध्यमवर्गको ठूलो हिस्सासम्मले नोकरीबाट हात धुनुपर्ने अवस्था आउने छ ।" उनले यहाँ साम्राज्यवादी विश्वको आगामी चित्रलाई वस्तुवादी र मार्मिक ढङ्गले प्रस्तुत गरेका छन् ।

उनले अगाडि लेखेका छन्, "यसले विश्वका धनी र गरीवका बीचमा वढ्दै गएको असमानताको खाडललाई अरु फराकिलो पार्ने छ । इन्टरनेट र यसले निर्माणगर्ने प्लेटफर्मले थोरै मान्छेलाई रोजगारी दिएर सानो संख्यामा रहेका व्यक्तिहरुलाई अत्यधिक आम्दानी गर्न संभव बनाई दिनेछ । यो अपरिहार्य छ, यो प्रगति हो, तर यो सामाजिक हिसावले ध्वंशात्मक पनि छ ।" उनले अरु थप्छन्, "कुल मिलाउंदा, हामी आर्थिक असमानताको खाडल घट्दो होईन बढ्दो अवस्थामा यो संसारमा बाँचिरहेका छौं, जुन संसारमा मानिसले आफ्नो जीवनस्तर मात्र होईन जीविकोपार्जनका लागि आवश्यक सामाग्री आर्जनगर्न चाहिने योग्यता पनि गुमाउँदै गएको छ । यसमा आश्चर्य मान्नु पर्देन, नयाँ उपायहरु खोज्ने क्रममा मानिसहरु ट्रम्प र ब्रेक्सिटको पछाडि कुदिराखेका छन् ।"

यसै सन्दर्भमा, एरिक ब्रिन्जोल्फसन र उन्ड्रिउ म्याकाफेले पनि २०११मा मेसिन बिरुद्धको दौड भन्ने एउटा महत्वपूर्ण पुस्तक प्रकाशित गरेका छन् । उनीहरुको त्यो पुस्तकको एउटा उपशिर्षक नै "रचनात्मक ध्वंशः प्रविधिको गति बृद्धिगर्ने र रोजगारी सिध्याउने अर्थतन्त्र" भन्ने रहेको छ । यो उपशीर्षकले विद्यमान पूंजीवादी यथार्थको वस्तुवादी चित्रण गरेको छ । यसबाट यस पुस्तकमा लेखक द्वयले के भन्न खोजेका होलान् भन्ने आंकलन गर्न त्यति गाह्रो छैन । प्रविधिको विकास हुनु रचनात्मक कुरा हो तर यसले रोजगारीलाई सिध्याएर विश्व अर्थतन्त्रलाई धरापमा पारेको छ भन्ने यस पुस्तकले निस्कर्ष निकालेको छ ।





माथि भनिए जस्तै, पूंजीवादको अन्तरनिहित चरीत्र, वर्तमान आर्थिक संकट र त्यसमाथि रोजगारी सिध्याउने कम्प्युटर प्रविधिको विकासलाई संगै राखेर हेर्दा संसारको आगामी चित्र अत्यन्त भयावह देखिन्छ । विश्व जनसंख्याको ठूलो हिस्सा क्रमशः बेरोजगार बन्दैजाने र त्यसको परिणामस्वरुप बजारको क्रयशक्ति घट्दै जाने स्थितिमा उत्पादन किन र कस्का लागि भन्ने प्रश्न अगाडि तेर्सिंदै छ । अर्थ-राजनीतिक हिसाबले यो सामान्य अवस्था होईन । शायद लेनिनले साम्राज्यवाद पुँजीवादको अन्तिम तथा मरणासन्न चरण हो भनेको यसैलाई हो ।

एउटा गंभीर प्रश्न उठछ, के प्रविधिको विकास नै यी यावत समस्याको कारण हो ? यसबारे द इकोनोमिस्टको रिपोर्टले लेखेको छ, "प्रविधि भनेको आफ्नो कुनै कार्यसूचि नभएको हतियार हो, तर यसको प्रभाव समाजमा निरपेक्ष हुंदैन । यसले कसैको जीविकालाई खाईदिन्छ र कसैलाई धनी बनाउँछ । समाजको मूल्य र दृष्टिकोणसँग प्रविधिलाई मिलाउन राजनीतिले नियम तथा संस्थाहरुको निर्माण गर्नु पर्दछ ।" रिपोर्टले एकदम ठीक कुरा उठाएको छ । प्रविधिको मातहतमा समाजलाई राख्ने होइन समाजले प्रविधिलाई आफ्नो नियन्त्रणमा राखेर यसलाई आम श्रमजीवि जनताको सहयोगी बनाउन सक्नु पर्दछ । यो नै प्रविधिलाई जनताको उपयोगमा ल्याउने विधी हो ।

अहिले हामी साम्राज्यवादी युगमा छौं । के साम्राज्यवादले प्रविधिलाई आफ्नो नियन्त्रणमा लिएर कामबाट हात धोईरहेका सर्बहारा, निम्न तथा मध्यम वर्गीय जनताको ठूलो हिस्साको हितप्रति कुनै सहानुभूति दर्शाउने नयाँ नीति-नियमहरु बनाएर त्यसको कायान्वयन गर्ला ? यो असंभव छ । पूंजीवादको सार नै मुनाफा हो । उदाहरणका लागि, रु १ लाखमा किनेर प्रतिदिन २४ घण्टाका दरले १० बर्षसम्म निरन्तर प्रयोग गर्न सकिने एटिएम मेसिनलाई हटाएर बैकको कुनै पनि मालिकले प्रति व्यक्ति मासिक रु २५ हजारका दरले त्यसका ठाउँमा तीन जना कर्मचारीलाई नियुक्ति दिन र १० वर्षमा उनीहरुको तलबस्वरुप ९० लाख खर्चगर्न तयार होला ? यो कल्पनासम्म पनि गर्न सकिन्न । यो युगमा प्रविधिले राजनीतिलाई नियन्त्रण गरिराखेको छ, राजनीतिले प्रविधिलाई होईन । यो संयोग पनि होईन, पूँजीवादको अन्तरनिहित चरीत्रको अनिवार्य परिणाम हो ।

अब अर्को प्रश्न उठ्छ, प्रविधिको विकासले श्रमजीवि जनताको रोजगारी खोसिएको हुनाले प्रविधिको विकास गर्नु नै गल्ती भएको हो त ? होइन यो हुनै सक्दैन । वस्तुतः प्रविधिको विकास भनेको उत्पादनका साधनको विकास हो र यसले उत्पादक शक्तिलाई समृद्ध बनाईराखेको हुन्छ । उत्पादनको बृद्धिका निमित्त उत्पादक शक्तिको विकास हुनु अनिवार्य छ । हामीले इतिहासमा पहिलो र दोस्रो औद्योगिक क्रान्ति भएपछि उत्पादक शक्तिको विकासले उत्पादनका क्षेत्रमा गरेको चामत्कारिक बृद्धिलाई देखेका छौं । उत्पादक शक्तिको विकासले आफ्नो अनुकुलको उत्पादन सम्बन्धको माग गर्छ र नयाँ उत्पादन सम्बन्धले तदनुसार उत्पादक शक्तिको थप विकास गर्दछ । साम्राज्यवादी विश्व व्यवस्थामा वारम्बार आर्थिक संकट पैदा भैरहनुका पछाडिको एउटा मूख्य कारण उत्पादक शक्तिको विकासको अनुपातमा उत्पादन सम्बन्धको विकास नहुनु हो । विश्वमा यतिबेला पिछडिएको उत्पादन सम्बन्ध र विकसित उत्पादक शक्तिका बीचको अन्तरविरोध उत्कर्षमा पुगेको छ । यो अन्तरविरोध नै वर्तमान आर्थिक संकटको मूल कारण हो । यो अन्तरविरोधलाई हल गरेर मात्र विश्व जनसमुदायलाई बारम्बार हुने आर्थिक संकटबाट मुक्त गर्न सकिन्छ ।

यो अन्तरविरोध निजी स्वामित्व र सामूहिक उत्पादनमा आधारित पुँजीवादी उत्पादन पद्धतिको अनिवार्य परिणाम हो । त्यसकारण, साम्राज्यवादी विश्व व्यवस्थाले यो अन्तरविरोधको समाधान गर्न सक्ला त भन्ने प्रश्नै उठ्दैन । पुँजीवादी उत्पादन सम्बन्धको खारेजी र त्यसका ठाउँमा समाजवादी उत्पादन सम्बन्धको स्थापना यो अन्तरविरोधलाई समाधान गर्ने दिशाको पहिलो खुड्किलो हो । अर्कोकुरा, यो अन्तरविरोध शान्तिपूर्ण तरिकाबाट हल हुन पनि सक्दैन । मार्क्सवाद-लेनिनवाद-माओवादको वैचारिक मार्गनिर्देशन र सर्बहारावर्गको अग्रदस्ता कम्युनिस्ट पार्टीको नेतृत्वमा हुने समाजवादी क्रान्तिले मात्र यो अन्तरविरोधलाई हलगर्ने मार्ग प्रसस्त गर्दछ ।

विज्ञान, प्रविधि तथा उत्पादनका साधनको कुनै वर्गीय पक्षधरता हुँदैन । जुन वर्गले यसलाई प्रयोग गर्छ त्यसैको हितमा यसले काम गर्छ । पुँजीवादी समाजमा विकसित प्रविधिलाई मूट्ठीभर पुँजीपतिहरुले अत्यधिक नाफा आर्जनका निमित्त प्रयोग गर्छन् । त्यसो गर्दा द ईकोनोमिस्टको प्रतिबेदनले भनेजस्तै तेस्रो औद्योगिक क्रान्ति अर्थात् अंकीय क्रान्तिले सम्पन्न र दक्षहरुको एउटा सानो हिस्सालाई छाडेर बाँकीलाई सडकछाप भिखारी बनाउने कुरा निश्चित छ । यो स्थितिमा अंकीय क्रान्ति सर्बहारा वर्ग, निम्न पुँजीपति र मध्यमवर्गको लागि समेत अभिशाप बन्न जान्छ ।

अर्कोतिर, समाजवादी समाजमा सर्बहारा वर्गले पुँजीवादी उत्पादन सम्बन्धलाई ध्वस्त पारेर समाजवादी उत्पादन सम्बन्ध स्थापना गर्दछ र त्यसपछि आफ्नो सत्तामार्फत् विकसित प्रविधिलाई आफ्नो नियन्त्रणमा राखेर त्यसलाई आम उत्पीडित जनताको हितमा प्रयोग गर्दछ । यसले आम श्रमजीवि जनताको श्रमघण्टालाई घटाउन, कामलाई सजिलो बनाउन र तिनीहरुको जीवनस्तर उकास्न सहयोग गर्दछ । यो स्थितिमा कम्प्युटर प्रविधिको विकास अर्थात् अंकीय क्रान्ति सर्बहारा, निम्न पुँजीपति र मध्यमवर्गको एउटा हिस्सा लगायत आम उत्पीडित जनताका लागि एउटा बरदान सावित हुन जान्छ ।

यतिबेला, पुँजीवादको अन्तरनिहीत चरित्र, आर्थिक संकट र अंकीय क्रान्तिको परिणाम स्वरुप साम्राज्यवाद एकपछि अर्को गर्दै चौतर्फी संकटमा फस्दै गएको छ । यो संकटबाट आक्रान्त उत्पीडित जनता यसको विकल्पको खोजीमा हकिन्सले भनेजस्तै कहिले ट्रम्प र कहिले ब्रेक्सिटका पछाडि त कहिले इटलीको युरोपियन युनियन विरोधी पाँच तारे आन्दोलनका पछाडि र कहिले लुम्बिनी अञ्चलका तीन जिल्लालाई मधेशबाट अलग्याउन हुन्न भन्ने एमालेका पछाडि कुदीरहेका छन् । साम्राज्यवाद संकटमा हुनु र जनता विकल्पको खोजीमा हुनु भनेको सर्बहारा क्रान्तिका लागि बस्तुगत परिस्थिति अनुकूल बन्दै जानु हो । यो स्थितिमा क्रान्तिकारी कम्युनिस्टहरुले मार्क्सवाद-लेनिनवाद-माओवादको वैचारिक निर्देशन र सच्चा कम्युनिस्ट पार्टीको नेतृत्वमा आ-आफ्नो देशको विशेषताअनुसार समाजवादी अथवा नयाँ जनवादी क्रान्तिलाई अगाडि बढाउन जोड गर्नु पर्दछ । क्रान्ति पछि मात्र उत्पादन सम्बन्धलाई बदल्न संभव छ । यही नै अंकीय क्रान्तिको पछिल्लो प्राविधिक उपलब्धिलाई बरदान सावित गर्ने एकमात्र उपाय हो ।

मंसीर २४, २०७३

# कृष्ण सेन इच्छुकका दुई दुर्लभ चिट्ठी

### चिट्ठी एक

२०४७-३-१४
प्यूठान क्वाडी
प्रिय मित्र ईस्वरजी
नमस्कार ।


म त्यहाँबाट बैसाख १२ गते हिँडेपछि आफ्नै जिल्ला र अञ्चलमा घुमफिरमा व्यस्त छु । आजभोली सायद काठमाण्डौको वातावरण वडो रमाइलो र उत्साहपूर्ण होला भन्ने मलाई लागी रहको छ । पार्टी एकताको नयाँ उमङ्गले हिजोसम्म सुतिरहेका साथीहरूलाई पनि ब्यूँझाएर त्यतिकै स्फुर्ति प्रदान गरिरहेको होला । जेहोस् पहिलेको तुलनामा वातावरणमा नयाँ ताजगी त होला नै । यस्तो बेला तपाईहरूदेखि टाढा गाउँको कुनामा वेखबर जस्तै भएर बस्दा घुम्दा कस्तो कस्तो अनुभूती हुनु स्वाभाविकै हो, तापनि जनताको बिचमा छु भन्ने खुशीको बोध पनि कम भइरहेको छैन ।


आजभोलि प्रतिभा-प्रभाहको कार्यक्रम के कसरी चलिरहेको छ ? मलाई 'बर्तमान'को दोस्रो अङकको हिसाब किताब बुझाउन नसकेकाले पीडा भइरहको छ । मणिजीको सहयोगले तपाईले त्यसको हिसाब किताब उठाएर सकेसम्म छिटो बुझाइदिनु हुनेछ । साथै तपाइँसँग सरसल्लाह भएअनुसार प्रति महिना ४० बुझाउनु पर्ने हाम्रो किस्ता पनि कार्तिकदेखिको सायद बुझई दिइसक्नु भयो होला नै । यी सबै कार्यहरूमा तपाइँले नै पहल लिनुहोला । नयाँ उत्साह छ साथीहरूले पनि सहयोग गर्न अप्ठेरो मान्नु हुनेछैन । दोस्रो अङ्कको हिसाब यस प्रकार छ :

१) भरत बुर्जा रु १००।
२) टीका कडेल ५० मा रु १० प्राप्त
३) हरि झाँक्री ,, ६०।
४) जगदीश भण्डारी ,, २५। कृष्णदास श्रेष्ठ
५) तारा नेपाल ,, ३०।
६) महेन्द्र शर्मा ,, २०।
७) प्रभा श्रेष्ठ ,, २५।
८) भाष्कर ,, २५। (ठिमी)
९) मुरारी आर्याल ,, २०।
१०) भीम पौडेल ,, २५।
११) राधिका थापा ,, ५ ।
१२) कृष्ण पोखरेल ,, ८०।
१३) आहुति ,, १००।
१४) बाबुराम ,, ४४०।

जम्मा ३३० जम्मा ६६५

कुनै साथीहरूसँग केहीप्रति फरक पनि पर्न सक्छ । वावुराजा जीसँग कीर्तिपुरको आमसभाको कार्यक्रममा माईकलाई मैले 'वर्तमान'को पैसा हालिदिएको छु र वँहालाई भनेको पनि थिएँ । सङ्गठनको प्रतिष्ठाको कुरा भएकोले र अरूहरूको आक्रमणका साथै हाम्रो आफ्नो नैतिकता समेतको सवाल भएकाले अरूहरूले प्रहार गर्न न सकुन ........। सायद म तत्काल काठमाडौ आउन सक्तैन होला । यतै व्यस्त छु । वदमासी गऱ्यो भन्ने नपरोस् । आहुतिजीलाई मेरो नमस्कार सुनाइदिनु होला र पैसाको सम्बन्धमा पनि कुरा गरी उहाँलाई नै हिसाब बुझाइदिनु होला । अन्त्यमा धमेन्द्र जी बाबुराजा जी तथा चिरन्जीवी जी लगायत सबैलाई सम्झना एवम् अभिवादन सुनाई दिनुहोला । शुभेच्छा सुनाइदिनु होला ।







नोट :

ईस्वर जी, यो हिसाब किताब साथीहरू परीक्षा सिध्याएर घरघर जानु भन्दा पहिले कन्टयाक्टमा गएर भेटघाट गरी खबर पठाएर उठाई बुझाइदिनु होला ।

### चिट्ठी दुई

०४७-३-४
क्वाडी प्यूठान
मणिजी,
नमस्कार ।

मैले ईस्वरचन्द्र ज्ञवाली जीलाई पत्र लेखेको छु । वर्तमानको हिसाब बुझाइदिनु पर्ने हो । अहिले मसँग सबैको लिष्ट भएन सम्झनाको भरले लेखेको छु। साथीहरूको सहयोगले पैसा उठाइदिएर बुझाइदिनु होला । नत्र परीक्षा सिध्याएर साथीहरू घर घर जालान । छिटै गर्नु हुनेछ कीर्तिपुर कार्यक्रम गर्दा 'वर्तमान'को ४४० रूपैया माईकमा हालेको थिएँ बाबुराजासँग मैले हिसाब दिएर त्यसैवेला पैसा उठाइदिन भनेको थिएँ । तपाईहरूले कुरा गरी त्यो तथा अन्य रूपैया उठाई आहुतिलाई बुझाई दिनु होला । 'योजना' निस्कदैछ भन्ने छापिएको थियो । यदि पत्रिका निस्किरहेको छ भने राप्ती अञ्चलमा नियमित पठाउनका लागी-कुद्ध पशल प्यूठान क्वाडीको ठेगानामा २५ प्रति पठाइदिने व्यवस्था मिलाउनु होला भन्ने साथीहरूको भनाइ छ। शेष पछि ।

तरानेपाल रु ३०।
मुरारी अर्याल रु १०।
भरत बुर्जा ,, १००।
जगदिश चन्द्र भण्डारी ,, २५। (कृष्ण दास श्रेठ
हरी भण्डारी ,, ६० ( ? )
महेन्द्र शर्मा ,, २०।
प्रभा श्रेष्ठ ,, २५।
भाष्कर ,, २५। ठिमी
आहुती ,, १००।
कृष्ण पेर्खेल ,, ८०।
राधीका थापा ,, ५।
भिम पौडेल ,, २५।
टिका कडेंल ,, ५०(?)
बाबुराजा ,, ४४०।

केही रूपैया मधुसुदन सुवेदीसँग पनि छ, मागेर बुझाइदिनु होला । मेरो पाइन्ट र सर्ट दीपक महर्जनलाई ल्याएर पारी राखी दिन भन्नु होला ।

कविता

## हारेको मान्छे

■ हिरामणि दुःखी



मेरो आँगनमा
धेरै लड्यो मान्छे
पराधीनताका विरुद्ध
स्वाधीनताका लडाइँहरू
टिष्टा लड्यो
काँगडा लड्यो
र, लड्यो मान्छे आफ्नै आँगनभित्र
वर्गबैरी विरुद्ध
कहिले खुकुरी चम्काउँदै
कहिले बारुद पिस्दै
प्रतिफलमा
रक्तमुछेल भयो सँधै मान्छे
जितेन कहिल्यै मान्छेले ।
...
'एकिकरण'मा लड्यो मान्छे
र, पनि हाऱ्यो
जङ्गेका तरबार विरुद्ध लड्यो मान्छे
त्यहाँ पनि हाऱ्यो
बरु जन्मिए धेरै औतारी जङ्गेहरू
कहिले भोटो र कछाडमा
कहिले दौरा, सुरुवाल र टोपीमा
जन्मिरहे कोट, पाइन्ट र सर्टमा पनि
मान्छे हारिरह्यो
हारिरह्यो ।
...
होइनन् ती मान्छे
छिरेका छन् सिंहदरबार र बालुवाटार
अथवा नयाँ बानेश्वरको दरबारमा
हुलिएका छ शतक बबुराहरू
र, शितलनिवासमा हुन्छ विराजमान
गुन्यू चोली या दौरा सुरुवाल
ती पनि होइनन् मान्छे
त्यहाँ छैन मान्छे पुगेको सूचि
ती त हुन् लुडोका गोटी
हल्लाउँछ अर्कैले कटौरीमा राखेर ।
...
केही प्रहर अगाडि
केही थान मान्छेहरू
पसेकै हुन् नयाँ हाइकोर्टमा
पिठ्युँमा बोकेर
आफ्ना विरुद्ध लगाइएका फिरादपत्र
बहसपैरवी नटुङ्गिदै
लगाएर घोक्रेठ्याक
निकालिए उनीहरू मध्यरातमा
र, त्यहाँ पनि हाऱ्यो मान्छेले ।
...
लडिरहेछ मान्छे अविराम गतिमा
जतिवेलादेखि मान्छे
मान्छे भएर उभियो यो माटोमा
तर हारिरहेछ सँधैसँधै
अब हार्नुहुन्न मान्छेले
हारिसक्यो जति हार्नु थियो
अब हार्ने पालो अरुकै हो
जस्ले दिएको छैन जित्न मान्छेलाई ।

---

कविता

## जनयुद्ध, क्रान्ति र राष्ट्र



– इन्दिरा अधिकारी

जनयुद्धको उदय भएर पनि,
अस्ताएको छ ।
उज्यालो प्राप्तिको निमित्त,
क्रान्ति लम्किन फेरि खोजिरहेको छ ।

प्रतिक्रियावादी र
संशोधनवादीहरुका
भागवण्डामा परेर क्रान्तिकारीहरु
साम्राज्यवाद र विस्तारवादका,
रहस्यमयी मिठाईहरुले लर्खराईरहेका छन्,
क्रान्तिकारी पाईलाहरु ।
क्रान्तिका झण्डाहरु
प्रतिक्रान्तिका फर्फराईरहेका छन्,
उज्यालो यही प्राप्ती छ भन्ने,
भ्रम छरिरहेका छन् ।

जाग्नुपर्छ अब एकजुट भई,
उत्पीडित सबै वर्गहरु,
छरिएका भ्रमलाई तोड्दै,
वर्गविहीन समाज निर्माण गर्न ।
रोक्नुहुन्न गतिशिल पाइलाहरु,
यो देशको मुहार फेर्न,
जनवादी सत्ताको उदय गराई,
यसैको विकास गर्न ।

जनगणतान्त्रिक चिजहरुलाई,
यत्रतत्र फिंजाएर
अत्यचारको अन्त्य गर्दै
उत्पीडित वर्गलाई मुक्त गर्दै ।
आर्थिक आधारका नयाँ
उत्पादन सम्बन्धका खाका कोरेर
मजदुर, किसान र
देशभक्त सबैलाइ जोडेर ।

रोजगार, शिक्षा र स्वास्थ्य,
कृषि अनि परराष्ट्र नीति,
प्रष्ट आउनै पर्छ ,
हामीलाई एकवद्ध गर्ने यात्राहरुमा ।
सामान्ती सम्बन्धका अवशेष,
जराहरुलाई उधिनेर,
चुनौतीपूर्ण नियतिको सामाना गर्दै,
सही निकास राष्ट्रलाई दिनसक्नु पर्छ ।

# मार्क्सवादीका नेताको श्रद्धाञ्जलीसभा सम्पन्न

**काठमाडौं ।** नेपाल कम्युनिष्ट पार्टी (मार्क्सवादी)का अध्यक्ष माधव ज्ञावली' माधव गुरु'को मंसिर २३ गते श्रद्धाञ्जलीसभा सम्पन्न भएको छ । ८२ बर्षको उमेरमा नेता ज्ञावालीको मंसिर १० गते निधन भएको थियो । ज्ञावालीको मृत्यु भएको १३ औं दिनको अवसरमा आयोजना गरिएको श्रद्धाञ्जलीसभा रिपोर्ट क्लव भृकुटीमण्डपमा सम्पन्न गरिएको हो । सो पार्टीका महासचिब मानध्वज गुरुङको अध्यक्षतामा सम्पन्न श्रद्धाञ्जलीसभामा नेकपा (क्रान्तिकारी माओवादी)का कार्यालय सदस्य रामसिंह श्रीस, नेकपा (संयुक्त)का अध्यक्ष गणेश साह, नेकपा (माले)का महासचिव सिपी मैनाली, नेकपाका लोकनारायण सुवेदी, पुष्पलाल अध्ययन समाजका अध्यक्ष लोककृष्ण भट्टराईलगायतले श्रद्धाञ्जली मन्तव्य राखेका थिए । सबै बक्ताहरुले माधव ज्ञावालीको सादा जीवन र नयाँ जनवादी क्रान्तिप्रतिको समर्पित भावनाको प्रशंसा गरेका थिए । वर्गप्रतिको निष्ठा, क्रान्तिप्रतिको समर्पण र त्याग, अविचल निरन्तरता ज्ञावालीबाट सिक्नलायक गुण रहेको चर्चा वक्ताहरुले गरेका थिए ।

वि.सं. १९९३ मा जन्मेका ज्ञावाली २०१३ सालदेखि मोहनविक्रम सिंहमार्फत् कम्युनिष्ट पार्टीको सम्पर्कमा रहेर काम गर्न सुरु गरेका थिए । २०१८ सालमा गुल्मी जिल्लाको सदस्य भएका उनी ०२१ सालमा लुम्बिनी अञ्चलको इन्चार्ज बनेका थिए । ०२५ सालमा पार्टीको केन्द्रीय समितिको सदस्य बनेका ज्ञावालीको पार्टी र नेकपा (माले) मिलेर ०४७ सालमा नेकपा (एमाले) बन्यो । पछि ०४७ सालमा नै कुरा नमिलेपछि एमालेबाट विद्रोह गरेर ज्ञावालीले नेकपा (मार्क्सवादी) बनाए । प्रभुनारायण चौधरी अध्यक्ष र ज्ञावाली महासचिव भएर पार्टी संचालन लामो समयसम्म गरे । पछि नेकपा मार्क्सवादी र नेकपा (संयक्त) मिलेर नेकपा संयुक्त मार्क्सवादी बनाइयो । तर माधव ज्ञवाली त्यो एकता प्रक्रियामा सहभागी भएनन् । पछि प्रभुनारायण चौधरी नेकपा (संयुक्त मार्क्सवादी)बाट अलग भए र फेरि प्रभुनारायण चौधरी अध्यक्ष र ज्ञावाली महासचिव भएर नेकपा (मार्क्सवादी) पार्टीको पनुर्गठन गरे । प्रभुनाारायण चौधरीको मृत्युपछि ज्ञावाली पार्टीको अध्यक्ष बनेका थिए । ज्ञवालीले मृत्युको अन्तिम घडीमा जनवादी गणतन्त्र देख्न नपाएकोमा दुःख मनाउ गरेका थिए । मार्क्सवादीका पोलिटव्यूरो सदस्य अच्यूत वाग्लेले संचालन गरेको सभामा अप्सरा साहले स्वागत मन्तव्य राखेका थिए ।

## संविधान संशोधन ...

उद्देश्यलाई प्रधान तथा केन्द्रीय प्रश्न बनाउने काम गरिएको देखिन्छ । तसर्थ, उक्त विधेयक, मुद्दा र विवादको सारतत्वलाई राम्रोसित ठम्याउन, तदनुरुप देश तथा जनताको पक्षमा सशक्त आवाज उठाउन र आवश्यक कदम चाल्न नितान्त जरुरी छ ।

संविधान संशोधन विधेयकमा भाषिक समस्या समाधानका लागि भाषा अयोग गठन गरी त्यसलाई सरकारी कामकाजका भाषा निर्धारणको जिम्मादिने व्यवस्था गरिएको छ । यहाँ नेपालमा बोलिने मातृभाषा बाहेकका अन्य कुनै भाषालाई मातृभाषा तथा सरकारी कामकाजको भाषा त बनाइदैन भन्ने गम्भीर आशंका देखिएको छ। त्यसो नहोस् भन्नका लागि सतर्क हुन जरुरी छ । बहुभाषिक नेपालमा आर्यखस नेपाली भाषाको एकाधिकार कायम भई भाषिक उत्पीडन रहिआएको स्थितिमा त्यसो नहोस् भन्नेबारे हामी सतर्क रहनुपर्दछ। कुनै पनि भाषालाई विशेषाधिकार प्रदान गरिनुहुन्न। सबै मातृभाषाहरुलाई राष्ट्रभाषाको मान्यता दिइनु पर्दछ । सरकारी कामकाजका लागि बहुभाषिक नीति अवलम्बन गरिनुपर्दछ। भाषाबारे हाम्रो धारणा मूलतः यही हो ।

त्यसैगरी, संविधान संशोधनको कुरा उठ्दा अंगीकृत नागरिकहरुलाई संवैधानिक हैसियतका प्रमुख पदहरुमा रहनका लागि अधिकार दिइने जस्ता होहल्ला र तर्कवितर्क निकै चले। यस प्रश्नमा पनि हामी सतर्क रहनुपर्दछ। यहाँनेर एकातिर अंगीकृत नागरिकहरु आफ्ना न्यायिक अधिकारबाट बञ्चित हुनुहुँदैन भने अर्कोतिर राष्ट्रिय स्वाधीनताको प्रश्नमा पनि कुनै खतरा पैदा हुने स्थिति आउन दिनुहुँदैन । यो अत्यन्तै संवेदनशील प्रश्न हो र यसको समाधान पनि सबै नेपाली निकै संवेदनशील बनेर नै गर्नुपर्दछ।

जहाँसम्म सीमाङ्कनसित सम्बन्धित विवादको प्रश्न हो त्यो अत्यन्तै जटिल बन्दै आएको छ । वस्तुतः वर्तमान संविधानमा तात्कालिक सत्ताधारी, प्रमुख प्रतिपक्षी तथा संसदवादी राजनीतिक दलहरुद्वारा स्वयम् निर्धारित पहिचान र सामर्थ्यका मापदण्डलाई पुरै लत्याउने काम गरियो। महान जनयुद्धको प्रक्रियामा मुख्य आधारइलाकाको भूमिका निर्वाह गर्दै आएको मगरातको नाम निसाना नै मेट्ने काम भयो। थारुवानलाई टुक्राइयो। अन्य विभिन्न प्रदेशहरुको सीमाङ्कन पनि सही र वैज्ञानिक ढङ्गले गरिएन। यसको विरोधमा देशभरिनै आगो बल्यो। अहिले ल्याइएको संशोधन विधेयकले पनि सीमाङ्कनका समस्याको हल गर्न सकेको छैन। राज्यको पुर्नसंरचना एवम् सीमाङ्कनको सन्दर्भमा लामो समय देखि उत्पीडनमा पर्दै आएका आदिवासी जनजाति, मधेशी तथा पिछडिएका क्षेत्रका जनसमुदायको पहिचान सहित संघीयताको व्यवस्थापनका लागि प्रस्तुत गरिएको चौध प्रदेशको अवधारणा मूलतः सही नै थियो। त्यस अवधारणामा सम्बन्धित जनसमुदाय तथा परिवर्तनकामी राननीतिक शक्तिहरुसित आवश्यक संवाद गरी सहमतिका आधारमा निष्कर्षमा पुग्न सकिने मान्यतालाई समेत अवलम्बन गरिएको थियो। परन्तु त्यसअनुसार हुन सकेन।

वस्तुतः वर्तमान संविधान पश्चगामी वर्गको हकहितको प्रतिनिधित्व गर्ने संविधान हो । यद्यपि यसमा उल्लेख गरिएका गणतन्त्र, धर्मनिरपेक्षता, संघीयताजस्ता कतिपय विषय सकारात्मक रहेका छन्। परन्तु समग्रमा यस संविधानले दलाल तथा नोकरशाही पुँजीपति एवम् सामन्तवर्गको हकहितको प्रतिनिधित्व गर्दछ । यसले मजदुर, किसान, महिला, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, पिछडिएको क्षेत्रसहितका उत्पीडित वर्ग र जनसमुदायको हकहितको प्रतिनिधित्व गर्न सक्दैन ।

तसर्थ, वर्तमान संविधान, अहिले पेश गरिएको संशोधन विधेयक, यसको विरोधमा हुँदै आएको संघर्ष, यस प्रक्रियामा चल्दै आएका विवाद र समस्याको समाधानबारे हाम्रो पार्टीको धारणा सामान्यतः निम्न अनुसार रहेको छ :

पहिलो, वर्तमान संविधान जनताको संविधान होइन, यसले जनताका इच्छा र भावनालाई प्रतिनिधित्व गर्न सक्दैन। यसरी हेर्दा यस संविधानको संशोधन गरेर र राज्य पुर्नःसंरचनाको पुरानै बहसमा अलमलिएर समस्याको समाधान हुन सक्दैन । त्यसैले वर्तमान संविधानलाई खारेज गरी त्यसको विकल्पमा संघीय जनगणतान्त्रिक संविधानको निर्माण गरिनुपर्दछ।

दोस्रो, वर्तमान संविधान र अहिलेको संशोधन विधेयक समेतको विरोधमा विभिन्न पक्ष र जनताद्वारा राखिएका जायज माग र तिनलाई लिएर हुँदै आएका संघर्षहरुप्रति पार्टीको समर्थन रहिआएको छ र रहने पनि छ। ठीक यहीँनेर आन्दोलनलाई गलत दिशा प्रदान गर्न चाहने नेतृत्वप्रति पनि सतर्क रहन जरुरी छ।

तेस्रो, सीमाङ्कनलगायतका समस्याको तत्कालीन समाधानका लागि सत्तासीन तथा प्रमुख प्रतिपक्षीहरुको तानाशाही होइन, अग्रगामी तथा परिवर्तनशील राजनीतिक शक्तिहरु र सम्बन्धित जिल्ला तथा प्रदेशहरुका जनताको रायसुझाव एवम् सहमति अनिवार्य रुपमा आवश्यक हुन्छ।

चौथो, वर्तमान संविधान र अहिलेको संशोधन समेतको विरोधमा हामीले आफ्नै स्वतन्त्र पहलकदमीमा यथाशक्य आवाज उठाउँदै आएका छौं र त्यस प्रकारको प्रकृया एवम् पहललाई अझै बढाउनुपर्ने आवश्यकता छ।

नेपाल लामो समयदेखि अर्धसामन्ती तथा अर्ध/नव औपनिवेशिक अवस्थामा रहिआएको एक बहुजातीय बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक तथा क्षेत्रीय विविधताले युक्त सामन्तवाद र साम्राज्यवाद/विस्तारवादको दोहोरो उत्पीडनमा रहिआएको मुलुक हो । देशलाई यस प्रकारको अवस्थाबाट मुक्त गर्न र जनतालाई वर्गीय, जातीय, क्षेत्रीय, लैंगिकसहितका सबै उत्पीडनबाट मुक्त तुल्याउनका लागि सामन्तवाद मात्र होइन, साम्राज्यवादी तथा भारतीय विस्तारवादी उत्पीडनका विरुद्धसमेत संघर्ष गर्न अनिवार्य रुपमा आवश्यक छ । यो कुरा भाषा, नागरिकता तथा सीमाङ्कनसहित समग्र संघीयताको प्रश्नसित पनि अत्यन्तै घनिष्ठ रुपमा जोडएको छ। आजको युग साम्राज्यवाद र सर्वहारा क्रान्तिको युग हो । यस युगमा सबै खाले उत्पीडित वर्ग तथा जनसमुदायको मुक्तिका लागि साम्राज्यवादको विरोध र सर्वहारा क्रान्तिको पक्षपोषण अनिवार्य रुपमा आवश्यक हुन्छ।

अन्त्यमा के कुरा सुस्पष्ट छ भने राष्ट्रियता, जनतन्त्र र जनजीविकाका समस्याहरुको वास्तविक समाधानका लागि वर्तमान संविधानको संशोधन होइन, त्यसको खारेजी र विकल्पमा संघीय जनगणतान्त्रिक संविधानको निर्माण अनिवार्य रुपमा आवश्यक छ। त्यसका निम्ति सबै उत्पीडित वर्ग र जनसमुदाय एकढिक्का भई सशक्त जनआन्दोलन र नयाँ जनवादी क्रान्तिको बाटो अवलम्बन गर्नुपर्दछ।

## आदिवासी जनजाति ...

छन् भने सदस्यहरुमा सुरेश तामाङ, पदम तामाङ, गौरव राई, गंगा राई, अछ्मीत चौधरी, शिवा थारु, कमल घर्ती, श्रीकृष्ण सुलु, राजेन्द्र रंजित, योगेन्द्र राजवंशी, आशिष सुनुवार, शेरबहादुर इङ्नाम, तिलक थापा, प्रेम राई, रामु गन्गाई, प्रेमिका याख्खा, पार्वती गुरुङ, बिबी याङफू राईलगायत निर्वाचित भएका छन्। भेलाले ३९ जनाको केन्द्रीय समिति निर्वाचित गरेको नवनिर्वाचित अध्यक्ष कमल चौधरीले वर्गदृष्टिलाई जानकारी दिए।

## वैद्य माओवादीमा ...

माओवादी)मा समाहित भएको छ। सुनसरीको ईटहरीमा पत्रकार सम्मेलन गर्दै सो पार्टी समाहित भएको घोषणा गरेको नेता सीपी गजुरेलले जानकारी दिए।

सो कार्यक्रममा नेकपा माओवादी (क्रान्तिकारी)का महासचिव आकाश, केन्द्रीय सदस्यहरु डा.सुरेन्द्र खनाल लगायतको उपस्थिति रहेको थियो। हाल सो पार्टीमा ३१ केन्द्रीय सदस्य र करिव ५०० संगठित कार्यकर्ता क्रियाशील रहेको महासचिव आकाशले जानकारी गराए।

कार्यक्रममा नेकपा(क्रान्तिकारी माओवादी) का वरिष्ठ केन्द्रीयकायालय सदस्य सीपी गजुरेल, कोचिला राज्यका संयोजक केदार गुरागाईं, देशभक्त जनगणतान्त्रिक मोर्चाका कोचिला राज्य संयोजक मनोज श्रेष्ठ लगायतको उपस्थिति रहेको थियो।

यसैगरी मोरङको कसेनी, घम्पालमा भएको कार्यक्रममा माओवादी केन्द्र वनिगामा गाउ कमिटी क्रान्तिकारी माओवादीमा प्रवेश गरेको छ। गाउ सेक्रेटरी धिरेन चौधरी सहित ९ जनाको गाउ समिति एक कार्यक्रममार्फत पार्टी प्रवेश गरेको हो। प्रवेशीहरुलाई गजुरेलले अविर लगाएर स्वागत गरेका थिए।

कार्यक्रमलाई सम्बोधन गर्दै गजुरेलले माओवादी केन्द्रले नेपालमा प्रतिक्रान्ति गरेको बताए। माओवादी केन्द्रका नेतृत्व पुष्पकमल दाहालले अहिले माओवादी आन्दोलन दुईमा विभाजन भएको गजुरेलले बताए । एउटा माओवादी आन्दोलन र अर्कोले प्रतिक्रान्तिको नेतृत्व गरेको उनको भनाइ छ। सिक्किमिकरणको नेतृत्व पनि त्यहि माओवादी केन्द्रका नेता पुष्पकमल दाहालले गरेको उनले आरोप लगाए।

माओवादी केन्द्र प्रतिक्रियावादी कित्तामा गइसकेको भन्दै नेता गजुरेलले विभिन्न पार्टीमा रहेका क्रान्तिकारीहरु, देशलाई माया गर्नेहरुबीचको एकता र ध्रुवीकरण अहिलेको आवश्यकता भएको बताए।

## देजमो सुनसरीको संयोजकमा पुशपति आचार्य

इटहरी । देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालको सुनसरी जिल्लाको संयोजकमा पशुपति आचार्य चुनिएका छन् । जिल्लाका सदस्यहरुमा गौरव राई, सुमित्रा चौधरी, जसोदा राई, उमानाथ ढकाल, पदम तामाङ, अयुव मिया, मजिवुर रहमान, जगनारायण चौधरी, अम्बर कट्वाल, विनोद पौडेल, पुण्य सिवाकोटी, गणेश भट्टराई, नवराज कार्की, नवराज खड्का, कृष्ण सरदार, युवराज चौधरी, शान्ती चौधरी, वसिर अन्सारी, देवान तामाङ, रवी राई, विष्णु, तिर्थकुमारी वन, किशन राई, भमि चौधरी, दयावती चौधरी, राममाया तामाङलगायत चुनिएका छन् ।

## देजमो मोरङ संयोजकमा शान्तिराम गिरी

**विराटनगर ।** देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल मोरङको संयोजकमा शान्तिराम गिरी चुनिएका छन्। मोर्चाका जिल्ला सदस्यहरुमा तेज लकान्द्री, मणि लिम्वु, सन्तोष सकार, फुलथुंगा खतिवडा, जोगन्द्र मुखिया, होम वहादुर अधिकारी, महेन्द्र श्रेष्ठ, रुपमिना वजगाई, गणेश खड्का, गोपाल मगर, लाल वहादुर कार्की, लगनसरी राजवंशी, वम वहादुर राजवंशी, उर्मिला कट्वाल, दिपक नेपाली, अशोक लिम्वु, राम आशिष मिश्र, सुमित्रा राय, महेन्द्र विष्ट, साकार मिया, हसिम मिया, रमा, सचिन शाक्य, निलम, सुस्मा लिम्बुलगायत चुनिएका छन् ।

## निराशावाद र ...

पनि मजबुत बनाएर अघि बढ्नु पर्ने औंल्याएका छन् । अहिले विश्वमा पनि र नेपालमा पनि क्रान्तिको लागि वातावरण अनुकूल रहेको दावी गर्दै वैद्यले भने, "समग्र विश्वकै र नेपालको पनि समाधान वैज्ञानिक समाजवादले मात्र गर्नेछ।"

"आगोको झिल्को सानो हुन्छ, एउटा झिल्कोले संसार डढाउँछ। क्रान्तिकारीहरुलाई गोलबन्द गरेर अगाडि बढ्न जरुरी छ। विचार, संगठन र आर्थिक समृद्ध पार्न जरुरी छ।" उनले भने, " नेपालमा नयाँ जनवादी क्रान्ति सम्पन्न गर्नुपर्दछ। जसले दश र बीस वर्षमा मुलुकलाई कायापलट गर्नेछ। राजनीति क्रान्ति सम्पन्न गर्नु अहिलेका अपरिहार्य आवश्यकता हो।"

भएभरका जलस्रोत लगायत सबै कुरा विदेशीलाई बुझाउने तर आर्थिक विकासको कुरा गर्ने गरेको प्रसंग उल्लेख गर्दै अध्यक्ष किरणले भने, "श्रम, प्रतिभा, प्राकृतिक स्रोत सबै बेच्ने अनि कुरा गर्ने आर्थिक क्रान्तिको ?"

उक्त कार्यक्रममा नेकपा (क्रान्तिकारी माओवादी)का केन्द्रीय सचिवालय सदस्य तथा पूर्वी ताम्सालीङ संयोजक राम आचार्य, देजमोका केन्द्रीय सचिवालय सदस्य तथा पार्टीका केन्द्रीय सदस्य कान्छामान तामाङले पनि मन्तव्य राखेका थिए। देजमोका केन्द्रीय सदस्य तथा काभ्रे जिल्ला संयोजक गोपाल घिमिरेको अध्यक्षतामा भएको सो कार्यक्रममा पार्टीका केन्द्रीय सदस्य सोनाम लामा, देजमोका केन्द्रीय सदस्य तथा केन्द्रीय कार्यालय सचिव हरिकृष्ण गजुरेललगायतको उपस्थिति रहेको थियो। रामचन्द्र न्यौपानेले संचालन गरेको सो कार्यक्रममा बहादुर तामाङले स्वागत मन्तव्य राखेका थिए।

## राष्ट्रियता, वर्गीयता ...

तथा पार्टीका केन्द्रीय सदस्य रोशन जनकपुरी, तमलोपाका केस इन्दल सिंह, सद्भावनाका जिल्ला सचिव धर्मेन्द्र यादव र पत्रकार कुँवरकान्त झाले पनि मनतव्य राखेका थिए भने पार्टीका केन्द्रीय सचिवालय सदस्य तथा मिथिला राज्य संयोजक कृष्णदेव सिंह दनुवार, केन्द्रीय सदस्य विरेन्द्रकुमार यादवको समेत उपस्थिति रहेको थियो। क्रान्तिकारी माओवादीका महोत्तरी सेक्रेटरी रिना गेलालको अध्यक्षता गरेको उक्त कार्यक्रममा उपेन्द्र यादवले स्वागत मन्तव्य राखेका थिए भने संचालन प्रेमबहादुर भुजेलले गरेका थिए।

जम्काभेट

## एनजिओ/आइएनजिओको चंगुलबाट आदिवासी जनजाति आन्दोलनलाई मुक्त पार्नुपर्छ



तिलक मगर
केन्द्रीय सदस्य
आदिवासी जनजाति महासंघ

***आदिवासी–जनजाति आन्दोलन कतातिर सोभ्याउन जरुरी देख्नुहुन्छ ?***

- सिद्धान्ततः जनजाति आन्दोलनलाई वर्गीय मुक्ति आन्दोलनतिरै सोझ्याउनु पर्छ भने कार्यनीतिक रुपमा ब्राम्हणवादका विरुद्धमा आम आदिवासी जनजातिलाई गोलबन्द गर्नुपर्छ । अर्को पक्ष भनेको आदिवासी जनजाति आन्दोलनलाई विकृत र बिटुलो बनाउदै आएको विस्तारवादी र साम्राज्यवादीको सेवामा सञ्चालित ल्ड रक्ल्ड को चंगुलबाट आदिवासी जनजाति आन्दोलनलाई मुक्त पार्नुपर्छ।

***क्रान्तिकारी माओवादीले लिएको जातीय मुक्तिको नीतिबाट नेपालका आदिवासी–जनजातिहरुको मुक्ति हुने देख्नुहुन्छ ?***

जातीय मुक्तिको प्रश्न अन्ततः वर्गीय मुक्तिको प्रश्न हो। वर्गीय समस्या समाधानसँगै जातीय समस्याको पनि हल हुने कुरा व्यवहारतः प्रभावित भईसकेको छ भने वर्गीय मुक्ति आन्दोलन सम्पन्न हुनुलाई जातीयलगायत सबै समस्याहरुको हल हुनै पर्दछ । आजको कन्टेस्टमा वर्गीय मुक्ति आन्दोलनको नेतृत्व नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)ले मात्र गरिरहेको छ। राणनीति र कार्यनीतिको सही संयोजन गर्दै सबैखाले आँधीहुरीको विरुद्ध अटल रुपमा उभ्याउँदै क्रान्तिकारी सिद्धान्तको रक्षा, प्रयोग र विकासमा अनवरत डटिरहेको यहीं पार्टीले नेपाली जनताको नेपाली समाजको सबै अन्तर्विरोधको हल गर्नेछ।

***नेपालको माओवादी आन्दोलनमा क्रान्तिकारी माओवादीले नयाँ जनवादी क्रान्तिको कार्यभार पूरा गर्न सक्ने विश्वास कसरी गर्न सकिन्छ ?***

क्रान्ति सम्पन्न गर्न स्पष्ट क्रान्तिकारी विचार, सक्षम अनुभवी, दृढसंकल्पित इमान्दार नेतृत्व र क्रान्तिप्रति लालायित इमान्दार कार्यकर्ताहरुको अनिवार्यता हुन्छ। क्रान्तिकारी माओवादीले लिएको कहिल्यै नभुकेको स्पष्ट र अकाट्य विचार छ। क्रान्तिका धरोहर, मालेमावादको क्षेत्रमा आजका एकमात्र व्यख्याता, निडर, निश्वार्थ र दृढसंकल्पित नेतृत्व छ। अनेकौ राजनीतिक आरोह अवरोहको अनुभवहरुको भण्डार रहेको अन्य नेतृत्व छन्। क्रान्तिको मात्र क्रान्तिको स्वार्थमा समर्पित यथेष्ट कार्यकर्ताको पंक्ति रहेको छ। हिजो अन्योलतामा विभिन्न पार्टीको नाममा, क्रान्तिको नाममा यताउता भएका क्रान्तिकारी कमरेडहरु पनि गोलबन्द हुन शुरु भइसकेको छ। राजनैतिक कार्यदिशा सही भए सबै कुरा प्राप्त हुन्छ भन्ने कुरा नेपालमा चाँडै यो पार्टीमा प्रमाणित हुनेछ। आत्मनिर्णयको अधिकारको लागि सैद्धान्तिक स्वीकृति। जातीय पहिचानसहितको संघीय जनगणतन्त्र, जातीय जनसंख्याको आधारमा राज्यका सबै निकायहरुमा समानुपातिक प्रतिनिधित्वजस्ता घोषित नीतिहरु छन्। जसले जातीय समस्याको हल गर्न मार्ग प्रशस्त गर्ने कुरामा शंका छैन।


आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस्।
नारायणी यातायात व्यवसायी संघद्वारा संचालित
टाटा सुमो सेवा
काठमाडौंबाट- हेटौडा, वीरगंज, चपुर, निजगढ, रतनपुर
फोन नं. : ०१-५१८७२५६
बल्खु, काठमाडौं ।

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस्।
मितेरी यातायात एण्ड अटो प्रा.लि.
प्रधान कार्यालय : कलंकी, काठमाडौं, फोन नं. : ०१-४२७०७०४, ४२७६३८१
तेह्रथुम सम्पर्क : डिल्लराम रेग्मी (९८५२०६०२५४)
फोन नं. : ०२६-४६०२५४
कृपया, टिकट र रिजर्भका लागि हामीलाई सम्झनुहोस्।

धौलागिरी अञ्चल बस व्यवसायी सञ्चालक समिति

सम्पर्क
कृष्ण सुवेदी – ९८५१०१८९१२
राम के.सी. – ९८५१०५४२६४
होम छन्त्याल – ९८४१९०६५७२
गोपाल थापा – ९८४१९११२२४

माइक्रो काउन्टर
काठमाडौं फोन ०१४३८८३९३
बाग्लुङ ०६८५२२२२०
काठमाडौंबाट : पोखरा, बाग्लुङ, बेनी, बुर्तिबाङ, दरबाङ, मुक्तिनाथ
बाग्लुङबाट : पोखरा, काठमाडौं बुर्तिवाङ, दरबाङ, बेनी, मुक्तिनाथ
A/C, Tourist Bus, Delux Bus, A/C Micro SCORPIO, Zeep, TATA SUMO सेवा

## आलोपालो

# राजनीतिक चक्रव्यूह र क्रान्तिकारीको भूमिका



हरिकृष्ण गजुरेल

नेपाली राजनीतिले अहिले तर्क वितर्क गर्ने, वाकपटुता प्रदर्शन गर्ने, वादविवादको रिहर्सल गर्ने बाहेक अरु केही गर्न सकेको छैन। जसले गर्दा मुलुकले निकास पाउन त परै जाओस, अन्ततः देश राष्ट्रियता, जनतन्त्र र जनजीविकाको सवालमा गम्भीर संकटमा गुज्रन पुगेको छ। साँच्चै भन्नुपर्दा चक्रव्यूहको भुमरीमा मुलुक फस्न पुगेको छ। सिक्किमीकरणको दिशामा अघि बढिरहेको छ। विश्व मानचित्रमा कहिल्यै उपनिवेश नबनेको नेपाल आज नवऔपनिवेशिक चङ्गुलमा भासिन पुगेको छ। अधिकार प्राप्तिका निम्ति नेपाली जनताले विभिन्न कालखण्डमा सञ्चालन गरेका र सहभागिता जनाएका हरेक संघर्ष र आन्दोलनहरु सम्झौतामा गएर टुङ्गिए, जसले इतिहासमा शाषकहरु जहिल्यै जित्ने र नेपाली जनता भने सँधै हार्ने मात्र भए।

नेपालमा आमूल परिवर्तनको निम्ति महान उद्देश्यका साथ २००६ सालमा कम्युनिष्ट पार्टीको स्थापनापश्चात निरन्तर रुपमा आफ्नो अधिकार प्राप्तिको लागि आम शोषित, उत्पीडित, उपेक्षित जनताले आन्दोलन र संघर्षका गतिविधिहरुमा नेतृत्वदायी भूमिका निर्वाह गर्नुका साथै सक्रिय सहभागिता जनाउँदै अघि बढे। यसै सन्दर्भमा २००७, २०२८, २०३६, २०४६, र २०५२ सालमा सञ्चालित महान जनयुद्ध र जसको बलमा भएको २०६२/०६३ सालको जनआन्दोलनमा क्रान्तिकारी पंक्तिकै अग्रणी भुमिका रहनुको साथै नेतृत्वदायी पहलकदमी रहेको कुरा सुस्पष्ट नै छ। यिनै संघर्षका राप, ताप र धक्काले २०६४ सालमा नेपाली जनताले आफ्नो संविधान आफ्नो प्रतिनिधिमार्फत् बनाउने लामो समयदेखिको चाहनाअनुरुप संविधानसभा चुनाव सम्भव बन्यो। जसको निम्ति विविध कालखण्डमा सञ्चालित आन्दोलन/संघर्षहरुको साथै महान जनयुद्धको प्रक्रिया हुँदै २०६२/०६३ सालको जनआन्दोलनसम्म आउँदा हजारौं हजार सपुत वीर विरङ्गनाहरुको बलिदानी, हजारौं हजार घाइते, बेपत्ता, अङ्गभङ्ग र अपाङ्ग भए। तर बिडम्बना उक्त संविधानसभामार्फत् जनताको पक्षमा संविधान निर्माण गरिनु त परै जाओस्, साम्राज्यवाद र विस्तारवादको योजनामा जनयुद्धकै नेतृत्व गरेका बाबुराम भट्टराई प्रधानमन्त्री भएको अवस्थामा उक्त संविधानसभा विघटन गराइयो। जनताका सारा सपनाहरु चकनाचुर पारियो भने नेपालको अस्मितामाथि नै प्रहार गरियो। पुन : साम्राज्यवाद र विस्तारवादकै योजनामा बहालवाला प्रधान न्यायधिश खिलराज रेग्मीलाई मन्त्रीपरिषद्को अध्यक्ष बनाई दोस्रो संविधानसभा रुपी नाटक मञ्चन गरियो। त्यतिबेलै तत्कालीन ने.क.पा.-माओवादी र उसको नेतृत्वमा गठित ३३ दलीय मोर्चाले कथित दोस्रो संविधानसभाले एक थान जनघाती र राष्ट्रघाती संविधान त बनाउला तर मुलुकलाई निकास दिने होइन, पूर्णरुपमा द्वन्द्वमा फसाउने भविष्यवाणी गर्दै आएको थियो।

कांग्रेस, एमाले, माओवादी केन्द्रलगायत ठूला साना सबै पार्टीका आ-आफ्नो व्यक्तिगत र दलगत स्वार्थले राष्ट्रियता, जनतन्त्र र जनजीविका महासंकटमा परेको छ। यो एकले अर्कोलाई हिलो छ्यापेर आफू चोखिन खोजेको बाहेक अरु केही होइन। सारतः राष्ट्रघात र जनघात गर्नुमा पनि प्रतिस्पर्धाभन्दा बाहेक अरु केही नभएको केवल विदेशीको दलाल र गोटी बन्न पुगेको कुरा विगतदेखि वर्तमानसम्मको व्यवहारले पुष्टि गरिसकेको छ।

अहिले राष्ट्रियता, जनतन्त्र र जनजीविकाको रक्षाको निम्ति क्रान्तिकारी पंक्तिले दृढताका साथ धावा बोल्नुपर्ने बेला आएको छ। अब क्रान्तिकारीहरुले प्रतिक्रान्तिकारी, यथास्थितिवादी, सामन्तवादी, साम्राज्यवादी र विस्तारवादी कवचलाई घन हानेर धुजाधुजा पार्नुपर्दछ, जसको लागि क्रान्तिकारीहरु तैयार रहनु पर्दछ। 'फलाम तातेको बेलामा हान्नु पर्दछ।' भन्ने भनाइलाई क्रान्तिकारीहरुले गम्भीर भएर आत्मसाथ गर्नुपर्ने बेला आएको छ। चक्रव्यूहको भूमरीमा जकडिएको मुलुकलाई केवल क्रान्तिकारीहरुले मात्र निकास दिनसक्ने हुँदा आम देशभक्त र क्रान्तिकारी शक्तिलाई एकताबद्ध बनाई संघर्षमा हामिनु पर्दछ। वर्गीय समाजमा हरेक कुरा वर्गीय पक्षधरतामा हुन्छन् भन्ने कुरालाई क्रान्तिकारीहरुले बोध गर्दै प्रतिक्रान्तिलाई क्रान्तिमा बदल्ने आँट र साहस गर्नै पर्दछ। जसको निम्ति दृढइच्छा शक्ति र तत्परताका साथ क्रान्तिकारीहरु अघि बढ्नुपर्दछ। जसको निम्ति राष्ट्रियताका पक्षपाती, सच्चा गणतन्त्रवादी, संघीयताका पक्षधर हरुलगायत आम शोषित-उत्पीडित, महिला, मधेसी, मुस्लिम आदिवासी जनसमुदायलाई मोहन बैद्य 'किरण'को नेतृत्वको ने.क.पा.(क्रान्तिकारी माओवादी)को छातामुनी गोलबन्द र मोर्चाबन्दी गरी संघर्षलाई घनिभूत र सशक्त ढंगले अगाडि बढाउनु अहिले अपरिहार्य बनेको छ। नेपाली जनताको आमूल परिवर्तनको चाहनालाई क्रान्तिकारीहरुले क्रान्तिमार्फत् यथार्थतामा बदल्ने परिस्थिति निर्माण गर्नु प्रमुख दायित्व बन्न पुगेको छ। जस्ता सुकै आँधी र तुफानीलाई चिर्ने आँट र साहस गर्नुको साथै चक्रव्यूहको भुमरीमा जकडिएको परिस्थितिलाई क्रान्तिकारीहरुले निकास दिनै पर्दछ। अन्तत : दुनियाँ बदल्ने आँट गर्नैपर्दछ। जसको निम्ति क्रान्ति अनिवार्य नै हुन्छ। नेपालमा क्रान्ति अपरिहार्य छ र सम्भव छ। यो यथार्थबोध गर्नसक्नु नै क्रान्तिकारीहरुको पहिलो दायित्व हो।

# दैलेखमा भेटियो ग्यासको खानी

◆ **वर्गदृष्टि संवाददाता**/काठमाडौं

नेपालको दैलेख जिल्लाको श्रीस्थानलगायतका क्षेत्रमा लिक्विफाइड पेट्रोलियम (एलपी) ग्यासको खानी रहेको अध्ययनले पुष्टि गरेको छ। चिनियाँ अन्वेषकहरुको सहयोगमा सरकारी स्तरमा गरिएको सम्भाव्यता अध्ययनले यस्तो पुष्टि गरेको हो। नेपाल सरकारले चीनबाट झिकाएको प्राविकिध तथा वैज्ञानिक सम्मिलित टोलीको सहयोगमा दैलेख लगायतका क्षेत्रमा पेट्रोलियम ग्यासको खानी रहेको भन्दै प्रारम्भिक रिपोर्ट तयार पारेको छ। गत वर्ष फिल्डमा खटिएको टोलीले चीन सरकारलाई बुझाएको रिपोर्ट नेपालमा आइपुगेको छ। रिपार्ट अनुसार दैलेखको ग्यास ललितपुरको इमाडोलमा भेटिएको जस्तो प्राकृतिक मिथेन ग्यास नभएर उत्खनन् गर्न मिल्ने र उक्त ग्यास सिलिन्डरमा भरेर बिक्री गर्न योग्य रहेको छ। ललितपुरको इमाडोलमा निकालिएको ग्यास भने पाइपबाट मात्रै भान्सामा पुऱ्याउन सकिने किसिमको हो।

चिनियाँ वैज्ञानिकको टोलीले गत मंसिरमा नेपालका विभिन्न क्षेत्रहरुको भ्रमण गरी त्यहाँबाट विभिन्न प्रकारका चट्टानहरुको नमूना संकलन गरेर अध्ययनका लागि चीन लगेको उद्योग मन्त्रालय स्रोतले जनाएको छ। चीनले केही साताभित्रै प्राविधिक टोलीले तयार गरेको बिस्तृत रिर्पोट परराष्ट्र मन्त्रालयमार्फत् नेपाल सरकारलाई पठाउने उद्योग मन्त्रालय स्रोतले बतायो। ग्यासको मात्रा थाहा पाउन भने थप अध्ययन गर्नुपर्ने स्रोतले बतायो।

दैलेखको श्रीस्थान, नाभिस्थान, धुलेश्वर र पादुका क्षेत्रमा अहिले पनि बाहिरी भागमै कच्चा पेट्रोलियम पदार्थ देखिने गरेको छ। श्रीस्थानमा झण्डै ३ सय वर्षदेखि अखण्ड रुपमा बत्ति बलिरहेको छ। यसकारण पनि यस स्थानमा ग्यासको खानी रहेको हुन सक्ने अनुमान गरिएको थियो।

# संशोधन प्रस्तावको विरोधमा गुल्मी निरन्तर आन्दोलित

**गुल्मी।** सरकारले ५ नं. प्रदेश टुक्र्याएको विरोधमा गुल्मी १२ औं दिन पनि ठप्प रहेको छ। लामो समयको बन्दले जनजीवन प्रभावित बन्दै गएको छ भने आन्दोलनकारीले बन्द जारी राख्दै आइतबार गुल्मीमा मानव साङ्लो बनाएर प्रदर्शन गरेका छन्।

प्रदर्शनकारीले गुल्मीको लाँकुरी मञ्चदेखि चिदीचौर, पुरानो बैंकरोड, बसपार्क, बालमन्दिर हुँदै लाँकुरी मञ्चसम्म १ किलोमिटरभन्दा लामो मानव साङलो बनाएर प्रदर्शन गरेका हुन्। १ बजेदेखि शुरु भएको मावन साङलोले झण्डै १ घण्टा जिल्ला प्रशासन, जिविस, जिल्ला अदालत, सरकारी वकिल कार्यालय घेरेको थियो।

प्रदर्शनपछि कोणसभामा बोल्दै कांग्रेस सभापति एवं आन्दोलन संघर्ष समितिका संयोजक भुवनप्रसाद श्रेष्ठले सरकारले निर्णय फिर्ता नलिएसम्म आन्दोलनका कुनै कार्यक्रम नरोकिने बताए।

मंसिर १५ गतेदेखि शुरु भएको आमहड्तालसहितको आन्दोलनको भोली सोमबार १३ दिन पुगेको अवसरमा आन्दोलन संयुक्त संघर्ष समितिले जिल्लामा आमसभा राखेको छ। सभामा केन्द्रीय नेताहरु एमालेका सचिव प्रदिप ज्ञवाली, गोकर्ण विष्ट, नेपाली कांग्रेसका केन्द्रिय सदस्य चन्द्र भण्डारी, नेकपा माओवादी केन्द्रका नेता टोपबहादुर रायमाझीसहित छिमेकी जिल्लाका आन्दोलन संघर्ष समितिका संयोजकले सम्बोधन गर्ने कार्यक्रम रहेको समाचार स्रोतले जनाएको छ।

५ नं. प्रदेश टुक्र्याएको विरोधमा भैरहेको आन्दोलनमा गुल्मीमा क्रियाशिल सबै राजनीतिक दलसहित विभिन्न संघसंस्थाहरुको ऐक्यबद्धता छ। लामो आमहड्तालका कारण यातायात, उद्योग व्यवसाय, बजार लगायत सबै क्षेत्र ठप्प छ। आन्दोलनमा गुल्मी उद्योग वाणिज्य संघ, गैरसरकारी संस्था महासंघ, पत्रकार महासंघ, नेपाल बार एशोसियशन, पश्चिम नेपाल बस व्यवसायी संघ, गुल्मी यातायात व्यवसायी संघ, नागरिक समाज लगायतले ऐक्यबद्धता जनाएका छन्।

यसैबीच, संसदमा दर्ता गराएको संविधान संशोधनको विरोध गर्दै आइतबार नेपालगन्जमा प्रदर्शन गरेको छ।

# प्रलेस दाङद्वारा दुःखी पुरस्कृत

**दाङ।** प्रगतिशील लेखक संघ, नेपाल दाङ शाखाले यस वर्षको 'चिन्तामणि-जमुना साहित्य पुरस्कार' प्रगतिवादी साहित्यिक क्षेत्रका अग्रज साहित्यकार हिरामणि दुःखीलाई दिने निर्णय गरिएको जनाएको छ। उक्त पुरस्कारको राशी रु. १० हजार र सम्मान पत्र रहेको छ। प्रलेसका पूर्व केन्द्रीय उपाध्यक्ष समेत रहेका दुःखीले हाल सांस्कृतिक आन्दोलनका अगणी सहिद कृष्ण सेन इच्छुकका नाममा स्थापित 'इच्छुक सांस्कृतिक प्रतिष्ठान' का सदस्य सचिव पदको जिम्मेवारी सम्हाली रहेका छन्। अखिल नेपाल जनसांस्कृतिक महासङ्घका उपाध्यक्ष र अखिल नेपाल लेखक सङ्घका केन्द्रीय अध्यक्ष समेत रहेका दुःखीका 'परिभाषा' र 'जून पश्किने यात्रामा' कवितासङ्ग्रह 'युद्धका कथाहरु' (साझा प्रकाशनद्वारा प्रकाशित) कथासङ्ग्रह र 'स्मृतिका कुइनेटा' (शमीसम प्रकाशनद्वारा प्रकाशित) संस्मरणसङ्ग्रह प्रकाशित भएका छन्। यस अतिरिक्त समालोचना र निवन्धमा पनि कलम चलाइरहने साहित्यकार दुःखी प्रत्रकारिता क्षेत्रमा पनि त्यतिकै स्थापित छन्। जनादेश, नौलो जनउभार, दायित्वबोध जस्ता स्थापित पत्रिकाहरुको सम्पादक समेतको जिम्मेवारी कुशलतापूर्वक सम्पन्न गरेका दुःखी कलम, बेदना, नयाँ यथार्थ, नवचेतना, पहल लगायतका दर्जनौ साहित्यिक पत्रिकाहरुको सम्पादन समेत गरेका छन्। विगत चालीसको दशकदेखि प्रगतिशील साहित्यका क्षेत्रमा अनवरत क्रियाशील रहेका हिरामणि दुःखी पत्रकार तथा राजनीतिक व्यक्तित्व पनि हुन्। उनी यस अघि प्रलेस दाङ र बाँके तथा नेपाल पत्रकार महासङ्घ दाङ र



क्रान्तिकारी पत्रकार सङ्घबाट पनि पुरस्कृत र सम्मानित भइसकेका छन्। सदाझैं यस बर्स पनि प्रलेस दाङले पाँच जना स्रष्टाहरुलाई पुरस्कृत गर्ने भएको छ। मंगलबार घोराहीमा बसेको प्रतिभा छनोट समितिको बैठकले पाँच जना स्रष्टाहरुलाई पुरस्कृत गर्ने निर्णय गरेको हो। जसअनुसार प्रगतिशील साहित्य पुरस्कार साहित्यकार शरद देवकोटालाई दिने भएको छ भने अनन्त-टीका प्रतिभा पुरस्कार साहित्यकार जागेश्वर शर्मा घिमिरेलाई, गोविन्द चीस सर्जक पुरस्कार साहित्यकार भुपेनलाई र गोविन्द ज्ञवाली साहित्य पुरस्कार साहित्यकार दीपा धिताललाई दिने निर्णय गरिएको प्रतिभा छनोट समितिका संयोजक तथा प्रलेस दाङका अध्यक्ष शरद अधिकारीले जानकारी दिएका छन्। उनका अनुसार अघिल्ला दुई पुरस्कारको राशी १०/१० हजार रहेको छ भने अनन्त-टीका प्रतिभा पुरस्कारको राशी रु. ५ हजार र अन्य दुई पुरस्कारको राशी २५/२५ सय रुपैयाँ रहेको छ। प्रलेस दाङ शाखाको २४ औं स्थापना दिवसको अवसरमा आगामी पुस ३ गते घोराहीमा आयोजित कार्यक्रममा ती स्रष्टाहरुलाई सम्मान गर्ने अध्यक्ष अधिकारीले जानकारी दिए। साथै छनोट समितिको बैठकले पुरस्कृत प्रतिभाहरुको परिचयका लागि प्रलेस दाङका उपाध्यक्ष डिल्ली मल्ललाई जिम्मेवारी दिएको जानाइएको छ।

# भारतीय राजदूतलाई फिर्ता पठाउन विध्यार्थीहरुको माग

**काठमाडौं।** विभिन्न ८ युवा तथा विद्यार्थी संगठनले परराष्ट्रमन्त्री प्रकाशशरण महतलाई भेटेर भारतीय राजदूत रञ्जित रेलाई फिर्ता पठाउन माग गर्दै एक ज्ञापनपत्र बुझाएका छन्।

नेपालको आन्तरिक मामलामा हस्तक्षेप गर्ने र कुटनीतिक मर्यादाभन्दा बाहिर काम गर्ने रेलाई अन्तराष्ट्रिय अभ्यासअनुसार अयोग्य कुटनीतिज्ञ घोषित गरी फिर्ता पठाउन माग ज्ञापनपत्रमा माग गरिएको छ।

संविधान कार्यान्वयनका सन्दर्भमा सरकारले प्रस्तुत गरेको संविधान संशोधन प्रस्तावलाई लिएर नेपाली जनता र राजनीतिक दलहरु आन्दोलनमा रहेको अवस्थामा दूताबासले मधेसी दलहरुलाई बोलाएर 'यो मान र उ नमान' भनेर निर्देशन दिने काम गर्नु गैरकुटनीतिक काम गरेको उनीहरुको आरोप छ।

ज्ञापनपत्रमार्फत नेपालका विभिन्न क्षेत्रमा युरोपेली संघ, संयुक्त राष्ट्रसंघ, अमेरिकालगायत देशका कुटनीतिक केन्द्रले नेपालको आन्तरिक मामलामा हस्तक्षेप गरेको भन्दै कुटनीतिक प्रतिनिधिलाई बोलाई त्यसप्रकारको कुनै पनि दुई देशबीचको मैत्री सम्बन्धलाई खलल पुग्ने काम नगर्न नगराउन परराष्ट्रमन्त्रीको ध्यानाकर्षण गराएका छन्।






**प्रकाशक** : रामसिंह बुढाथोकी, **प्रबन्ध निर्देशक** : बद्री बजगाईं, **सम्पादक** : इन्द्रबहादुर राउत, **सहसम्पादक** : केशरमणि कटुवाल, **कार्यालय** : बुद्धनगर, काठमाडौं, **सम्पर्क नं.** : ०१-४७८५७६३/९८५११३४८३०, **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं